# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, ठाँटीकाँध गाँउपालिका

# Disaster Preperedness and Response Plan, Thatikandh  Rural Municipality

स्थानीय विपद् व्यवस्थापन समिति

ठाँटीकाँध गाँउपालिकाको कार्यालय, दैलेख

२०७९

USAID अमेरिकी जनताबाट MERCY CORPS BHAKARI SAEWCC-DAILEKH Estd: 2063

# ठाटीकाँध गाउँपालिका

**THATIKANDH RURAL MUNICIPALITY**

**गाउँ कार्यपालिकाको कार्यालय**

**Office Of Rural Municipal Executive**

पत्र संख्या(Ref. No.):२०७९/०८०
च.नं :

लकान्द्र, दैलेख
Lakandra, Dailekh

कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

# शुभकामना

मिति : २०७९।०६।०७

नेपालमा सघियताको कार्यान्वयन संगै विपद ब्यस्थापनका सम्बन्धमा समेत चासो बढ्न थालेको छ। बर्षेनी प्राकृतिक प्रकोपको कारण ठुलो मात्रामा धनजनको क्षती हुने गरेको छ, हाम्रो समुदायमा रहेका बस्तीहरु ब्यवस्थित नभएको र नयाँ बन्ने भौतिक संरचनाहरु प्राविधिकको परामर्श विना तयार गर्ने परिपाटिले गर्दा जोखिमको स्तर झनै बढाएको छ। खोलानाला,वनजंगल र वातावरण को उचित संरक्षण हुन नसकेको कारण प्राकृतिक प्रकोपको कारण हुने विपदको स्वरुपमा पनि परिवर्तन हुन पुगेको छ। हामीले गर्ने विकासका कार्यहरु पूर्णरुपमा वतावरण मैत्री नभएका कारण क्षतीको मात्रा बढाउन मद्धत पुगेको छ भने जोखिम अनुशार गर्नु पर्ने क्षमता अभिबृद्धि समेत प्रयाप्त मात्रामा गर्न सकिएको छैन।

पश्चिममा कर्णाली नदी विच भागमा पादुका खोला र उत्तर तिर रामागाडले घेरीएको दैलेख जिल्ला विभिन्न प्राकृतिक तथा गैह्प्राकृतिक विपद् जोखिमका हिसावले उच्च जोखिमयुक्त जिल्ला पनि हो ।

ठाटीकाँध गाउँपालकिामा प्रकोप र यस वाट हुने विपद्हरुलाई हेर्दा पहिरो, वाढी,आगलागि चटयाग,हावाहुरी र नदीकटान दोहोरिरहने तथा वर्षेनी आईरहने प्रकोपको रुपमा रहेका छन भने भुकम्प पनि मानवीय,भौतिक तथा आर्थिक क्षति गर्ने प्रकोपका रुपमा देखापरेको छ। यसका अलावा खडेरी खेतिवालिमा लाग्ने रोगहरुले वर्षेनी क्षति पुरयाएको छ।

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा ब्यवस्थापन गरी प्राकृतिक तथा गैह प्राकृतिक विपद्वाट सर्वसाधारणको जीउज्यान र सम्पत्तिको संरक्षण गर्न दैवी प्रकोप उद्धार ऐन २०३९ लाई प्रतिस्थापन गरी विपद् जोखिम न्युनिकरण तथा ब्यवस्थापन ऐन २०७४ ले विभिन्न निकायसंगको समन्वय र सहकार्यमा स्थानीय तहलाई जिम्मेवार बनाई विपद् ब्यवस्थापनका कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने ब्यवस्था गरेको छ। विपद्जन्य परिस्थितिको सामाना गर्न प्रकोप पुर्वसुचना प्रणालीको विकास मार्फत सम्भाव्य,सबै प्रकारका प्रकोपको पुर्व सुचना दिने विपद् ब्यवस्थापनका सबै चरणहरुमा समुदाय र विभिन्न क्षेत्रको सक्रिय सहभागिता बढाउने किसिमका कार्यक्रमहरु संचालन गर्दै विपद् ब्यवस्थापनको क्षेत्रमा ,विप्रद् पुर्व,विपद्का समयमा र विपद् पश्चात विषयगत कार्यक्षेत्रअनुसार तत्काल लेखाजोखामा एकरुपता कायम गर्ने ,विपद्वाट पर्ने असरहरुलाई न्युन गर्न तथा विपद् जोखिम हस्तान्तरण गर्ने प्रक्रियालाई ब्यवस्थित गर्नका लागि विपद् जोखिम न्युनिकरण प्रणाली लाई समेत शुरुवात गर्न यो प्रतिकार्य योजना निमार्ण गरिएको छ।

ठाटीकाँध गाउँपालिकाको विपद् ब्यवस्थापन समिति सेवक नेपाल भकारी कार्यक्रम निजी क्षेत्रका प्रतिनिधिहरु , गैरसरकारी संस्था , पत्रकार,वुद्धिजीवि , वडा कार्यालय तथा वडा स्तरीय विपद् ब्यवस्थापन समिति,शिक्षक, महिला वालवालिका,तथा स्थानीय समुदायको सक्रिय सहभागितामा नगरपालिकाको संकटासन्नता तथा जोखिम विश्लेषण गरी यो योजनामा समावेश भएको छ विपद् ब्यवस्थापनका क्रियाकलापहरु संचालन गर्न नगरपालिकाको तर्फवाट प्रतिवद्धता ब्यक्त गर्दै यसको कार्यान्वयनको लागि सम्पुर्ण सरोकारवालाहरुलाई अनुरोध गर्दछु। यो योजना तयार गर्न सहयोग गर्नुहुने सेवक नेपाल भकारी कार्यक्रम परामर्शदाताको रुपमा श्री जे.के.ईन्जिनियरिग यसोशियसन प्रा.लि. प्रति हार्दिक आभार प्रकट गर्दछु।

रक्ष बहादुर शाह
अध्यक्ष

"व्यावसायिक शिक्षा,स्वास्थ्य,कृषि,उद्यम र पूर्वाधार ठाटीकाँध गाउँपालिकाको समृद्धिका आधार"

ठाटीकाँध गाउँपालिका

THATIKANDH RURAL MUNICIPALITY

गाउँ कार्यपालिकाको कार्यालय

Office Of Rural Municipal Executive

पत्र संख्या(Ref. No.):२०७९/०८०

च.नं :

लकान्द्र, दैलेख
Lakandra, Dailekh

कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

# शुभकामना

मिति: २०७९।०६।०७

नेपाल वाढी ,पहिरो, भुकम्प,आगलागि,चटयाङ्ग,असिनापानी ,खडेरी,लगायत वहुप्रकोप भएको देश हो विश्वमान चित्रमा नेपाल भुकम्पीय जोखिमका हिसावले एघारौं स्थानको जोखिममा जलवायु परिवर्तनका हिसावले चौथो र पानीजन्य रोगका कारणले तिसौं स्थानको जोखिम पर्दछ जस वाट दैलेख जिल्ला पनि यी जोखिमवाट अछुतो छैन। विपद् उत्थानशिल समाज निमार्णका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशीलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहिकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भईसकेको छ।

यस परिप्रेक्ष्यमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १६ को उपदफा १ मा जिल्ला व्यवस्थापन समितिको व्यवस्था रहेको छ भने सोहि दफाको उपदफा २ मा  यस समितिको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ भने पालिका तहमा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ को उपदफा १ मा पालिका तहका गठन प्रक्रिया र २ मा काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ। यस लाई आधारमानी पालिकाको विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गर्ने गराउने काम यस समितिको रहेको सन्दर्भमा प्रत्येक वर्ष आईपर्ने मौषमी तथा अन्य प्रकृतिका विपद्को सामाना गर्दै खोज,उद्धार तथा राहतलाई व्यवस्थित गरी जनधनको क्षति न्युनिकरण गर्न यो पालिका स्तरिय विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०७९ कार्यान्वयनमा ल्याइएको छ।

अतः यो विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निमार्ण  गर्ने क्रममा विभिन्न क्षेत्रबाट सहयोग पुर्‍याउनु हुने जिल्ला विपद् जोखिम व्यवस्थापन समिति दैलेख, सेवक नेपाल भकारी कार्यक्रम लगायत सरोकारवालाहरू सवैमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ।

अन्तमा, यो योजना सवैका लागि उपयोगी र प्रेरणादायी स्रोत बनोस भन्ने शुभकामना व्यक्त गर्दछु।

देवीराम बडुवाल

देविराम बडुवाल

उपाध्यक्ष

"व्यावसायिक शिक्षा,स्वास्थ्य,कृषि,उद्यम र पूर्वाधार ठाटीकाँध गाउँपालिकाको समृद्धिका आधार"

# ठाटीकाँध गाउँपालिका

**THATIKANDH RURAL MUNICIPALITY**

**गाउँ कार्यपालिकाको कार्यालय**

**Office Of Rural Municipal Executive**

पत्र संख्या(Ref. No.):२०७९/०८०

च.नं :

लकान्द्र, दैलेख
Lakandra, Dailekh

कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

# शुभकामना

मिति: २०७९।०६।०७

प्रकोप आकस्मिक घटना भएकोले यसलाई रोक्नु मानव क्षमता भन्दा बाहिरको कुरा भएतापनि पूर्वतयारी योजनाबाट यसको प्रभाव तथा क्षतिलाई न्यूनिकरण गर्न सकिने तथ्य विभिन्न अध्ययन तथा हाम्रा आफनै अभ्यासहरुबाट समेत प्रमाणित भैसकेको छ। प्रकोपको दृष्टिकोणले संवेदनशील मानिएको ठाटीकाँध गाउँपालिका दैलेखमा जलवायु परिवर्तन, बाढी,पहिरो तथा आगलागीजस्ता प्राकृतिक एंव मानव सिर्जित महामारी तथा रोगव्याधिजन्य प्रकोपहरुबाट वर्षेनी ठुलो जनधनको क्षति हुने गरेको छ। यस समस्यालाई आत्मसात गर्दै सेवक नेपाल भकारी कार्यक्रमको आर्थिक सहयोगमा आठबिस गाउँपालिकाको प्रकोप पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ निर्माण भएको छ।

ठाटीकाँध गाउँपालिकाको विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना २०७९ गाउँपालिकामा मात्र सिमित नभएर प्रकोप व्यवस्थापनको क्षेत्रमा एउटा जीवन्त दस्तावेजको रुपमा स्थापित हुनेमा विश्वस्त छु। अन्य नगरपालिका र नगरपालिका हरुमा पनि यसको प्रभाव देखिने छ।

यस ठाटीकाँध गाउँपालिका स्तरिय विपद् पुर्व तयारी तथा प्रतिकार्य योजनाले प्रकोपको क्षेत्रमा देखा पर्नसक्ने थप जटिलताहरु लाई समेत सम्बोधन गर्दै विपद व्यवस्थापनको कार्यलाई अझै प्रभावकारी, जिम्मेवारीपूर्ण र जवाफदेही बनाउनेछ भन्ने विश्वास लिन सकिन्छ।

अत: यो गाउँपालिका स्तरिय विपद् पुर्व तयारी तथा प्रतिकार्य योजनाको निर्माण गर्ने क्रममा विभिन्न क्षेत्रबाट सहयोग पुर्‍याउनु हुने ठाटीकाँध गाउँकार्यपालिका स्थानिय स्तरिय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि वडा अध्यक्ष तथा सचिव सम्पुर्ण पालिकाका कर्मचारी विषयगत शाखा प्राविधक रुपमा सहयोग गर्ने सेवक दैलेख भकारी कार्यक्रम लगायत सरोकारवालाहरू सवैमा हार्दिक धन्यवाद व्यक्त गर्दछौ।

अन्तमा, यो योजना सबैका लागि उपयोगी र प्रेरणादायी स्रोत बनोस भन्ने शुभकामना व्यक्त गर्दछु।

टेक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक शिक्षा,स्वास्थ्य,कृषि,उद्यम र पूर्वाधार ठाटीकाँध गाउँपालिकाको समृद्धिका आधार"

# विषयसूचि

**परिच्छेद १: पृष्ठभूमि** ... 7

१.१ ठाटीकाँध गाउँपालिकाको परिचय ... ठ

१.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि ... ड

१.३ ठाटीकाँध गाउँपालिको विपदको संक्षिप्त स्थितिः ... ढ

१.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र औचित्य ... ढ

**परिच्छेद २: विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य** ... 11

२.१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित नतिजा ... ज्ञज्ञ

२.२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका नतिजाहरु ... ज्ञज्ञ

२.३.विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया ... ज्ञघ

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमाहरु ... ज्ञघ

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा संलग्न कार्यहरु ... ज्ञघ

**परिच्छेद ३: ठाटीकाँ ध गाउँ पालिकामा विपद् जोखिमको अवस्था** ... 16

३.१ विगतका विपद्हरूको विश्लेषण ... ज्ञट

३.२.कानुनी नीतिगत तथा संस्थागत व्यवस्था ... ज्ञठ

३.३ प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु ... ज्ञढ

३.४ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शांकन ... ज्ञढ

३.५ विपद संकटासन्नता तथा क्षमता विश्लेशण ... द्दण

३.६ विपद जोखिम  आंकलन तथा नक्शांकन ... द्दज्ञ

३.७ प्रकोप पूर्वानुमान तथा पुर्वसुचना प्रणाली विश्लेशण ... द्दद्द

३.८ बिषयगत क्षेत्रहरु ... द्दघ

१. खोज तथा उद्धार ,पूर्वसूचना र समन्वय बिषयगत क्षेत्र ... द्दद्ध

२. आपतकालीन आवाष तथा गैरखाद्य बिषयगत क्षेत्र ... द्दद्ध

३. कृषि तथा खाद्य बिषयगत क्षेत्र ... द्दद्ध

४.स्वास्थ्य, खानेपानी तथा सरसफाई र पोषण बिषयगत क्षेत्र ... द्दछ

५. संरक्षण विषयगत क्षेत्र ... द्दछ

६. आपतकालिन शिक्षा विषयगत क्षेत्र ... द्दछ

७. राहत पुर्नस्थापना तथा पुनर्निर्माण विषयगत क्षेत्र ... द्दट

**परिच्छेद ४: सामान्य पूर्वतयारी योजना** ... 27

४.१ प्राथमिकता प्राप्त पूर्वतयारी ... द्दठ

**परिच्छेद ५: पूर्वानुमानमा आधारित पूर्वतयारी योजना** ... 29

१० दिनको पूर्वानुमानद्वारा शुरू हुने पूर्वतयारी र प्रारम्भिक कार्य ... द्दढ

३ दिनको पूर्वानुमानद्वारा शुरू हुने प्रारम्भिक कार्य र पूर्वतयारी ... घण

१ दिनको पूर्वानुमानको आपत्कालिन पूर्व तयारी ... घज्ञ

**परिच्छेद ६: आपतकालीन प्रतिकार्य योजना** ... 33

६खोज तथा उद्धार, पूर्व सूचना र समन्वय विषयगत क्षेत्र ... घघ

संरक्षण विषयगत क्षेत्र....द्धण

आपतकालिन शिक्षा विषयगत क्षेत्र....द्धघ

आवास तथा गैरखाद्य विषयगत क्षेत्र....द्धट

खाद्य तथा कृषि विषयगत क्षेत्र....छण

**परिच्छेद ७ : आवश्यकताको लेखाजोखा**....57

**परिच्छेद ९: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**....63

**परिच्छेद १० : अनुगमन, मूल्यांकन तथा सिकाई योजना**....64

**सन्दर्भ सामग्रीहरु**....66

**अनुसूचिहरु**....67

# परिच्छेद १ः पृष्ठभूमि

## १.१ ठाटीकाँध गाउँपालिकाको परिचय

नेपालको कर्णाली प्रदेश अन्तर्गत दैलेख जिल्लाका चार नगरपालिका र सात गाउँपालिका मध्ये ठाटीकाँध गाउँपालिका दैलख जिल्ला निवाचन क्षेत्र नं. २ मा पर्दछ । पूर्वमा दैलेख जिल्लाको चामुण्डा विन्द्रासैनी नगरपालिका, उत्तरमा कालिकोट जिल्लाको कालिका गाउँपालिका पश्चिममा दैलेखको आठवीस नगरपालिका र दक्षिणमा चामुण्डा विन्द्रासैनी न.पा. र आठवीस न.पा. को भूभागको वीचमा अवस्थित ठाँडीकाँध गाउँपालिका प्राकृतिक सम्पदा, साधन श्रोतमा सम्पन्न भएर पनि आर्थिक रुपले कमजोर रहेको छ । ठाँडीकाँध गाउँपालिकामा साविक विशाला, तोलिजैसी र लकान्द्र गा.वि.स. मिलेर सिङ्गो गाउँपालिका वनेको छ । यस गाउँपालिकाको जम्मा क्षेत्रफल ८८.२२ वर्ग किलोमिटर छ भने गाँउपालिकाको प्रोफाईल अनुसार यस गाँउपालिकाको जम्मा जनसंख्या २०६७० रहेको छ । जम्मा ६ वटा वडामा बिभाजन गरिएको यस गाँउपालिकामा बसोवासका हिसावले विभिन्न जात जातिहरु रहेको छन् । जसमा ब्राहमण, क्षेत्री, दमाई, कामी, बादि, आदिवासी जनजाति आदिको वसोवास रहि आएका छ । जसका आफ्नै भाषा भाषिहरु रहेका छन् ।

जल, जमिन, जंगल, जडिवुटी, जंगली जनावर, एवम उर्वरभूमि रहेको यो गाउाँपालिका पूर्व पश्चिम उत्तर दक्षिण गोलाकार भू-धरातल भएको अनेकतामा एकता रहेको गाउँपालिका हो । यो गाउँपालिकाको उत्तरी क्षेत्रमा रहेको वनजंगलका कारण पानीका प्रशस्त श्रोतहरु, जडिवुटी, जंगली जनावर, तथा निलम पाइनुका साथै स्याउ खेती र अलैची, खेतीको संभावना समेत रहेको छ । साथै पशुपालन तथा विभिन्न तरकारी खेतीको पनि प्रशस्त सम्भावना रहेको छ । यस गाउँपालिकाको मध्ये भागमा विभिन्न खाद्यवाली जस्तै धान, गहुँ, मकै, कोदो एवम तरकारी खेतीको प्रशस्त संभावना रहेको छ ।

### ठाटीकाँध गाउँपालिकाको जनसांख्यिक विवरण

गाँउपालिकाले प्रकाशित गरेको प्रोफाईल अनुसार अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २०६७० रहेको छ । जसमा महिला ९८६३जना र पुरूष १०८९४जना रहेकाछन्, साथै यस गाँउपालिकामा ३ जना व्यक्तीले तेस्रो लिङ्गिको रुपमा आफ्नो पहिचान खुलाएका छन् । यसठाटीकाँध गाउँपालिकाको हालको घरधुरी संख्या ३९८५रहेको छ, जसमा ३६६१ घरमा पुरुष घरमुली रहेका छन भने ३२४ घर महिलाले समालेको अवस्था छ । जम्मा जनसंख्या र घरधुरीको अनुपात हेर्ने हो भने औषत परिवार संख्या ५.१८ रहेको छ ।

| वडा नं. | घरधुरी संख्या | महिला | पुरुष | अन्य | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| १ | ६०६ | १६०८ | १७१८ | | ३३२६ |
| २ | १५६२ | १५६२ | १७४९ | | ३३११ |
| ३ | १७८१ | १७८१ | १६६९ | | ३७५० |
| ४ | १६६२ | १६६२ | १८१० | १ | ३४७३ |
| ५ | १६७८ | १६७८ | १७५८ | १ | ३४३७ |
| ६ | १५७२ | १५७२ | १८०० | १ | ३३७३ |
| जम्मा | ३९८५ | ९८६३ | १०८०४ | ३ | २०६७० |

**श्रोतः गाँउपालिका प्रोफाइल**

### भौगोलिक स्वरूप

दैलेख जिल्लाको उत्तरपूर्वीभागमा अवस्थित ठाटीकाँध गाउँपालिकाको धेरैजसो भुभाग चुरे र महाभारत श्रृङ्खलाको मन्द ढालयुक्त पहाडी क्षेत्र, चट्टानयुक्त र कंकड खैरो माटो, अधिकांश भाग जंगलले ढाकिएको,साना ताल तलैया, महाभारत श्रृङ्खलाका तल्ला होचा पहाडहरूले बनेको छ । समुद्र सतहको ७५० मिटर देखि २९०० मिटरसम्म

उचाइमा अवस्थित यस गाउँपालिका उत्तवाट दसक्षण तर्फ फैलिएर रहेको छ ।८८.२२ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको यो पालिकामा वनजंगल, खेतियोग्य जमिन, चट्टानयुक्त जमिन र बसोबास क्षेत्र आदी रहको छ ।

**नदीनाला र जलभण्डार**

महाभारत श्रृङ्खला र चुरे अन्तर्गत अवस्थित रहेको यस क्षेत्र भित्र साना खोला खोल्सीरहेका छन् । मुख्य नदीको रुपमा रामगाड खोला, भुतगाड खोला भने अन्य खोलाहरूमा देउती खोला, गाोठी खोला र चिन्नेगाड खोला आदि रहेका छन । वर्षा याममा पानीको सतह वढेता पनि बस्ती तथा समुदायहरुमा नदिहरुको प्रभाव कम रहेको छ । लिफ्ट प्रविधिको प्रयोग गरी खोलाको पानी उपयोग गर्न सकेमा कृषि कार्यमा सहयोग पुग्ने देखिन्छ ।

## १.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पृष्ठभूमि

नेपाल विपद्को दृष्टिले अति जोखिमपूर्ण देशहरुमध्ये एक हो । विश्वका १ सय ९८ मुलुकमध्ये नेपाल भूकम्प जोखिमका दृष्टिले ११ औं, बाढीको हिसाबले ३० औं स्थानमा र जलवायु परिवर्तनको हिसाबमा विश्वमा चौथो तथा एशियामा छैठौं जोखिमपूर्ण देशको रुपमा रहेको छ । प्राकृतिक विपद्को हिसाबले विश्वको उच्च जोखिमपूर्ण देशको रुपमा रहेको छ । नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ, सडक दुर्घटना, असिना, हिमपहिरो, महामारीजस्ता मौसमी विपद्बाट हरेक वर्ष लगभग बीस हजारभन्दा बढी परिवारहरु प्रभावित हुने गरेका छन् । नेपालमा प्रतिबर्ष बिभिन्न विपद्हरुबाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ । जसमध्ये बार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ । यसैगरी सबैभन्दा बढी आगलागीका कारण पशु चौपाया, पंक्षी, जग्गाजमिन, वन क्षेत्र र बालीनाली, धनसम्पत्तीको नोक्सानी हुने गरेको छ।

कमजोर भु-बनोट, जटिल भुगर्भीय संरचनाका, बदलिदो जलवायु अवस्था, बढ्दो शहरीकरण, जलसंख्या बृद्धि तथा मानवीय हेलचेक्राई र असावधानीका कारण नेपाल विपद्को उच्च संकटासन्नताको अवस्थामा रहेको छ । विगतमा गरिएका अध्ययन अनुसन्धान र विगतको विश्लेषण अनुसार नेपालमा कुनै पनि समय धेरै ठूलो भूकम्प जान सक्ने र त्यसबाट धेरै संख्यामा मानिस मर्ने, घाइते हुने तथा भौतिक संरचना क्षतिग्रस्त हुने सम्भावना रहेको छ । २०७२ बैशाख १२ र २९ गते आएका भुकम्प यसैका उदाहरण हुन् । अझै पनि यस्तै प्रकृतिका भुकम्पहरु आउने अनुमान गरिदै छ । यस्तै हरेक बर्ष जस्तो कोशी, कर्णाली र महाकाली लगायतका नदीहरुमा आउने बाढीहरु पनि विपद्का उदाहरणहरु हुन् । यी उदाहरण मात्र नभएर यथार्थ र वास्तविक पनि हुन । यसको अर्थ अब सबै हाम्रो काबुभन्दा बाहिर गैसकेकै हो त भन्ने प्रश्न उठ्न सक्छ तर हामीले सावधानी अपनायौं, पूर्वतयारीमा जुट्यौ भने विपद्लाई पनि क्रमिक रुपले हाम्रो नियन्त्रणमा लिन सक्नेछौ त्यसका लागि स्थानीय सरकारको समन्वयमा स्थानीय स्तरमा काम गर्ने सरकारी गैरसरकारी, सामुदायिक संघसंस्थाहरु, स्थानीय तहमा रहेर काम गर्ने निजी क्षेत्रका प्रतिनिधिहरु लगायत सबैको सहकार्य भयो भने हाम्रो विपद् जोखिम न्युनिकरण गरी उत्थानशीलता बढाउन सक्छौ ।

नेपालको संविधान २०७२, विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन २०७५), स्थानीय सरकार सन्चालन ऐन २०७४, विपद् जोखिम न्युनिकरण नीति एवम् रणनीतिक कार्ययोजना २०७५ तथा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन नियमावली २०७५ लगायतका राष्ट्रिय नीति तथा कानुनी दस्तावेजको आधार र विपद जोखिम न्युनिकरणका लागि सेण्डाई कार्यढाँचाको मर्मलाई आत्मसात गर्दै स्थानीय तहको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन लाई संस्थागत गर्ने र समुदायस्तरबाट नै विपद् उत्थानशीलता बृद्धि गर्न बान्छनीय भएको हुलाले नेपाल सरकार गृह मन्त्रालयले जारी गरेको जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७(प्रथम संशोधन २०७६) बमोजिम तयार गरेको यस योजनाले भविष्यमा स्थानीय तहको विपद् पूर्वतयारी तथा प्रतिकार्यमा नया फड्को मार्ने अपेक्षा गर्न सकिन्छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिष्द, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (यसपछि प्राधिकरण भनिने), प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र

अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ। यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ।

वि.सं २०६५ साल जेठ १५ गते नेपाल सरकारले संघीयतामा जाने निर्णय गरेसँगै देशमा तीन तहका सरकारहरुको प्रादुर्भाव भयो। केन्द्रमा संघीय सरकार, प्रदेशमा प्रादेशिक सरकार र स्थानीय तहमा स्थानीय सरकार निर्माण भएसँगै सोही अनुरुप तहगत संरचनाहरुको निर्माण भए। जसअनुरुप केन्द्रमा प्रधानमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन राष्ट्रिय परिषद गठन भएको छ, गृहमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन कार्यकारी समितिको निर्माण भएको छ। त्यसैगरी सातै प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन समिति निर्माण गरिएको छ। जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिलाई कायम गरिएको छ भने स्थानीय तहमा गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा तथा नगरपालिकाको मेयरको अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरी विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनका कार्यलाई तहगत रुपमा जिम्मेवारी हस्तान्तरण गरिएको छ। सोही अनुरुप हरेक तहले आफ्नो लागि आवश्यक ऐन , नियम कानुनहरु निमार्ण गर्ने र कार्यान्वयन गर्ने प्रावधान अनुरुप संघीय सरकारले तयार गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) को अधीनमा रही दैलेख जिल्लाको ठाटीकाँध गाउँपालिकाले विभिन्न सरकारी निकाय,गैरसरकारी क्षेत्र,स्थानीय राजनीतिक दलहरु, निजी क्षेत्र,स्थानीय जनप्रतिनिधि, स्थानीय तहमा रहेर काम गरिरहेका विभिन्न मानवीय सेवामा समर्पित संघसंस्थाहरु समेतको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ निर्माण गरेको छ।

### १.३ ठाटीकाँध गाउँपालिको विपदको संक्षिप्त स्थितिः

बिगतमा ठाटीकाँध गाउँपालिमा प्राकृतिक र गैर प्राकृतिक बहुप्रकोपका कारण जनधनको क्षति भएको देखिएको छ। यो गाउँपालिका बहुप्रकोप जोखिमको दृष्टिकोंणले संकटासन्न रहेको छ। हरेकवर्ष खहरेहरुमा आउने बाढीका कारण यस गाउँपालिकाले वर्षेनीजनधनको क्षति बेहोर्दै आएको छ। मानवीय र आर्थिक क्षतिको हिसावले हेर्ने हो भने ठाटीकाँध गाउँपालिकामा सबैभन्दा बढी मानवीय क्षति चट्याङ, पहिरो र महामारीका कारण भएको देखिन्छ। त्यसैगरी आगलागी, वाढी, हावाहुरी र माहामारी जस्ता प्रकोपका कारण मानवीय भौतिक तथा आर्थिक क्षति भएको अवस्था छ। मानवीय क्षतिको दृष्टिले ठाटीकाँध गाउँपालिकामा वि.स. २०५२ यताको उपलब्ध तथ्यांक हेर्दा बहुप्रकोपमा परी १५ जना मानिसहरुको मृत्यु भएको र लाखौं बराबरको भौतिक तथा आर्थिक क्षति भएको छ। २०७८ सालमा पहिरोका कारण २ जनाले आफ्नो ज्यान समेत गुमाउन पुगे। अचानक आउने चट्याङले २०५२ साल यता ५ जनाको ज्यान लिएको तथ्याङ्क समेत पाइन्छ। गाउँपालिकाको अधिकांश भूभाग चुरे र माहाभारत पर्वतीय क्षेत्रमा रहेको हुनाले पहिरोको जोखिम धेरै नै रहेको छ। खासगरी पहिरोको कारण यस गाउँपालिकामा १ जनाको मृत्यु भएको र पटक पटक दोहोरिईरहने पहिरोको कारण सयौं परिवार विस्थापित भएको देखिन्छ। अझै पनि गाउँपालिकाका धेरै बस्तीहरुमा खरको छाना रहेको कारण हरेक वर्ष आगलागीको जोखिम रहेको छ। वनडढेलोका कारण हरेक वर्ष गाउँपालिका क्षेत्रभित्रको वनजंगलमा लाग्ने डढेलोले वनपैदावारमा क्षति पुगेको छ। पछिल्लो दशकमा जलवायुमा आएको परिवर्तको कारण हावाहुरी मध्यम जोखिममा रहेको छ। कोभिड १९ लाई छोडेर हेर्ने हो भने ठाटीकाँध गाउँपालिकामा पानीजन्य महामारी(पखाला)का कारण ४ जनाको ज्यान गैसकेको छ भने कयौं बिरामी परेका छन्।

### १.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको आवश्यकता र औचित्य

विपद्बाट प्रभावित समुदायलाई सहयोगको आवश्यकता पर्दछ र सहयोग कार्यलाई जतिसक्दो छिटो र छरितो गराउनु पर्दछ जसले गर्दा थप क्षति हुनबाट बचाउन सकिन्छ। यद्यपि विपद्लाई कुनै सावधानी वा लगानीले जोखिम मुक्त बनाउन भने कठिन छ। तर पनि विपद्पूर्व गरिने न्यूनीकरण र पूर्वतयारीका कार्यहरूलाई महत्वका साथ कार्यान्वयन गरिनुपर्दछ। यो योजना विपद्पश्चात संचालन गरिने आपतकालीन प्रतिकार्यका गतिविधिहरूलाई सुचारु गर्नका लागि निर्माण गरिएको छ। यो कार्ययोजना मुख्यत विपद्बाट प्रभावित समुदायमा न्यूनतम मानवीय सहायताहरू पूर्ति गर्नका निमित्त समयमै र समन्वयात्मक ढंगले मानवीय सहयोग उपलब्ध गराई विपद्बाट हुने तत्कालिन असरहरूलाई कम गराउने औचित्यका साथ तयार गरिएको छ।

यो कार्ययोजनाले

- मानवीय सहायता एवम् विपद् जोखिम न्युनीकरण र व्यवस्थापनमा संलग्न निकाय तथा उपलब्ध साधन श्रोतको पहिचानमा सहयोग गर्दछ।
- विपदको समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सुनिश्चितता प्रदान गर्दछ।
- विपद्को जोखिम कम गर्न सरोकारवाला र समुदायलाई हातेमालो गर्ने प्रेरणा दिन्छ।
- खोज,उद्धार,राहत र पुर्वतयारीका कार्यहरुमा प्रभावित समुदायको समान पहुंचको सुनिश्चितता प्रदान गर्छ।
- स्थानीय श्रोत साधन र प्रविधिको पहिचानमा सहयोग प्रदान गर्दछ।
- उद्धार तथा राहत जस्ता कार्यमा प्रभावित समूदायको समान प्रत्याभूति गर्दछ।
- आपतकालीन समयमा सूचना र जानकारीलाई व्यवस्थित गर्न सहयोग गर्दछ।
- ठाटीकाँध गाउँपालिकाको विपद् जोखिमको अवस्था अध्ययन गर्ने खोजकर्ताहरुको लागि श्रोत सामग्री बन्दछ।

# परिच्छेद २: विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

विपद्पूर्वको पुर्वतयारी तथा विपद्को समयमा प्रभावितहरुको जनधन र सम्पत्तीको सुरक्षा र संरक्षण गरी मानवमाथि पर्ने नकारात्मक प्रभावको सामना गर्न स्थानीय श्रोत साधन र प्रविधिको उपयोग गर्दै आघातमा परेका ब्यक्ति तथा समुदायलाई प्रभावकारी रुपले मानवीय सहयोग प्रदान गर्नु र रोकथाम,न्युनिकरण, पूर्वतयारी र पूर्वसुचनाका विधि र पद्धतिहरुलाई जवाफदेहीपूर्ण ढंगले कार्यान्वयल गरी उत्थानशील गाउँपालिका निर्माण गर्नु यस योजनाको उद्देश्य रहेको छ ।यस योजनाका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्

१. विपद् पूर्वतयारीका कृयाकलापहरुलाई प्राथमिकतामा राखी उद्धार तथा राहतमा हुने अधिक खर्च कम गर्नु

२. आपतकालीन अवस्थामा प्रभावित ब्यक्ति तथा समुदायलाई शिघ्र मानवीय सहयोग उपलब्ध गराउनु

३.विपद् पूर्वतयारी र प्रतिकार्यका लागि अधिकतम रुपमा स्थानीय साधन श्रोतको उपयोग गर्नु ।

४.स्थानीयतहमा जोखिम न्युनिकरणका गतिविधिहरुलाई ब्यवस्थित र प्रभावकारी रुपले कार्यान्वयन गर्नु

५. विपद् ब्यवस्थापनमा सरोकारवाला निकाय तथा संघसंस्थाहरुबाट मानवीय सहायता तथा आर्थिक स्रोत नक्सांकन गरी परिचालनमा समन्वय गर्नु

## २.१. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका अपेक्षित नतिजा

विपद् ब्यवस्थापनका विभिन्न चरणहरु मध्येविपद् पुर्वतयारीका माध्यमबाट विपद् जोखिम न्युनिकरणका प्रारम्भिक कार्यहरु, विपद्को समयमा गरिने आपतकालीन प्रतिकार्यहरु र प्रतिकार्यका लागि पुर्वतयारीका कार्यहरु र आपतकालीन पुर्नलाभका कार्य गरिने हुनाले यस योजनाबाट विपद् प्रभावितहरुको मानव अधिकारको रक्षा, जनधनको क्षति न्युनीकरण, जीविकोपार्जनमा सहयोग तथा पुर्वतयारी तथा प्रतिकार्यमा सबैको समान सहभगिता सुनिश्चित गदै विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापनका सबै चरणलाई ब्यवस्थित र प्रभावकारी रुपले एकसाथ लाने अपेक्षा राख्न सकिन्छ । यसका अतिरिक्त यस योजनाका अपेक्षित नतिजालाई निम्नानुसार उल्लेख गरिएको छ ।

१. विपद्पूर्व गरिने पूर्वतयारीका क्रियाकलापहरुको सुनिश्चितता हुनेछन ।

२. आपतकालीन समयमा विपद् प्रतिकार्यका क्रियाकलापहरु ब्यवस्थित र प्रभावकारी रुपले कार्यन्यवयन हनेछन् ।

३. प्रतिकार्यका क्रियाकलापहरुमा विपद् प्रभावितहरुको प्रत्यक्ष पहुँच सुनिश्चित हुनेछ ।

४.विपद् प्रभावितहरुमा आ आफ्नो अधिकार तथा कर्तब्यबोध सुनिश्चित हुनेछ ।

५. विषय क्षेत्रगत रुपमा जिम्मेवारी बाँडफाँड गरी योजना कार्यान्वयल हुने भएको हुनाले मानवीय सहयोग प्रभावकारी ब्यवस्थित र पारदर्शी हुनुका साथै सेवाप्रदायक निकायमा जवाफदेहिता, उत्तरदायित्व र अपनत्वको भावना विकास हुने अपेक्षा राख्न सकिन्छ ।

६. सकारात्मक विभेदको नीति मार्फत प्रभावकारी विपद पुर्व तयारी तथा विपद प्रतिकार्य गरिनेछ

## २.२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले प्राप्त गर्न खोजेका नतिजाहरु

प्रस्तुत योजनाले प्राप्त गर्न खोजेका नतिजाहरुलाई बुँदागतरुपमा देहायअनुसार उल्लेख गरिएको छः

१.ठाटीकाँध गाउँपालिकाको सामान्य विवरण

२.विपद्बाट प्रभावित हुनसक्ने क्षेत्र तथा समुदायको संख्या र अवस्थिति

३.विपद्सँग जुध्ने र प्रतिकार्यमा उपलब्ध हुनसक्ने उपलब्ध क्षमता (सम्भावित विपदको सामना गर्न आवश्यक क्षमता) Gap Analysis

४. विपद् जोखिम विश्लेषण

५.पूर्वसुचना प्रणाली

६.खोज तथा उद्धार व्यवस्था

७.सुरक्षित आश्रयस्थल वा क्याम्प व्यवस्थापन प्रणाली

८.राहत व्यवस्था र वितरण

९. खाद्यसामग्री र गैरखाद्य सामग्रीको भण्डारण व्यवस्था

१०. प्रतिकार्यमा संलग्न साझेदारहरुको भूमिका र जिम्मेवारी निर्धारण


११.प्रतिकार्यमा संलग्न साझेदारहरुको भूमिका र जिम्मेवारी निर्धारण

१२.विपद् सम्पर्क व्यक्तिको पहिचान र व्यक्तिको पहिचान र विपद्को समयमा नियमित सञ्चार सम्पर्कको व्यवस्था

१३.मानवीय सहायताकर्मीले गर्ने सहयोगको पहिचान

१४. सरोकारवाला निकाय र गैरसरकारी संघसंस्थाको क्षमता अभिबृद्धि हुने ।

## २.३.विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया




माथि उल्लेखित विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७(पहिलो संशोधन २०७६)मा प्रेषित नमुनालाई आत्मसाथ गर्दै ठाँटीकाडा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तजुमा गर्नको लागि २०७९ भाद्र २५ गते गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत, अध्यक्ष र विपद् व्यवस्थापन सम्पर्क व्यक्तिसँग बैठक बसी परिचयात्मक गोष्ठीको मिति तय भयो । परिचयात्मक गोष्ठिमा सबै सरोकारवालाहरुको उपस्थितिमा विपद् पूर्वतयारी तथा प्रतिकार्ययोजना निर्माणका विधि र प्रकृयाको बारेमा छलफल गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६)मा व्यवस्था गरेअनुरुप स्थानीय आवश्यकता अनुसारका विभिन्न ७ वटा विषयगत क्षेत्रहरुको निर्माण, जिम्मेवारी बाँडफाँड र विषयक्षेत्रगत अगुवा र सदश्यहरुको सूचि तयार गर्नुका साथै संयुक्त परामर्श कार्यशालाको तिथि र कार्यतालिका तय गरियो । सोही कार्यतालिकाको आधारमा २०७९ भाद्र  गते संयुक्त कार्यशालाबाट थप सुचनाहरु संकलन गर्नुका अतिरिक्त स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदश्यहरु, विषयगत क्षेत्रका सम्पूर्ण सदस्यहरु, उद्योग बाणिज्य संघ,स्थानीय सामुदायिक विपद् व्यवस्थापन समितिका सदस्यहरु, ठाटीकाँध गाउँपालिका लगायत विभिन्न सरोकारवालाहरुको सहभागितामा योजना तर्जुमा कार्यशाला सम्पन्न भयो । कार्यशाला बाट प्राप्त सुचना र योजनाका आधारमा योजना मस्यौदा तयार गरी पुन त्यसको प्रमाणिकरणका लागि गाउँपालिकामा विषय क्षेत्रगत निकायसँग पुनः छलफल गरी प्राप्त पृष्ठपोषणका आधारमा ठाटीकाँध गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ तयार गरिएको छ ।

### विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमाहरु

- प्रस्तुत योजना ठाटीकाँध गाउँपालिकासँग सम्बन्धित रहेको हुनाले यसको कार्यान्वयन यसै गाउँपालिकामा सीमित हुनेछ ।
- प्रस्तुत योजनास्थानीय विपद् व्यवस्थापन समितिको निर्देशनमा कार्यान्वयन हुनेछ
- प्रस्तुत योजना ठाटीकाँध गाउँकार्यपालिकाको स्वीकृति पश्चात मात्र कार्यान्वयन हुनेछ
- विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापमा मात्र सीमित भएकोले अन्य प्रयोजनमा प्रयोगमा आउने छैन

### विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा संलग्न कार्यहरु

**(क) सामान्य पूर्वतयारी**

यस अन्तर्गत सम्बन्धित कामहरूमा विपद्का घटना घट्नु भन्दा पहिले गरिने, प्रायः सबै प्रकोपका लागि गर्नपर्ने जोखिम न्यूनीकरणका क्रियाकलापहरु, विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन औजार, सीप विकास, क्षमता विकास, कृत्रिम घटना अभ्यास जस्ता गतिविधिहरू समावेश गरिएको छ । यी सबै क्षमता र तयारी आवधिकरुपमा अद्यावधिक गर्न जरुरी हुन्छ ता कि विपद्को स्थितिमा प्रतिकार्यका गतिविधिहरू समयमा नै कार्यान्वयन गर्न सकियोस् । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि पूर्वतयारी कार्य हो । सामान्य पूर्वतयारीका कार्यहरुलाई विपद् हुनुभन्दा पहिलेदेखि नै निरन्तर रुपले सञ्चालन गर्न सकियो भने त्यसबाट उत्पन्न हुने क्षतिलाई धेरैहदसम्म न्युनिकरण गर्न सकिन्छ । गाउँपालिका क्षेत्रमा वर्षभरी उत्पन्न हुने मौसमी प्रकोप र त्यसले निम्त्याउने विपद्लाई लक्षित गरी हरेक महिना पूर्वतयारीका क्रियाकलापहरु सञ्चालन गर्नुपर्दछ । हरेक प्रकोप पूर्व गर्नुपर्ने पुर्वतयारीका क्रियाकलापहरु पनि फरक फरक हुने गर्दछन् । सामान्य पूर्वतयारीका क्रियाकलाप गर्दा प्रकोपको सम्मुखता हेरेर त्यसबाट सुरक्षित हुने उपायहरुको अवलम्बन गरिहाल्नु उपयुक्त हुन्छ । असारदेखि भाद्र सम्म बाढी पहिरोको जोखिम हुन्छ । यस्ता प्रकोपको जोखिम न्युनिकरणका लागि फागुनदेखि जेष्ठ सम्म पूर्वतयारीका कार्यहरु व्यवस्थित रुपले गर्नुपर्दछ । खोला र नदी तटीय क्षेत्रमा छेकबाँध लगाउने, तार जालीको व्यवस्थापन गरी ग्याबियन पर्खाल लगाउने, स्परहरुको निर्माण गर्ने, टेवा पर्खाल,फेदी पखाल लगाई जैविक प्रविधि विस्तार गर्ने जस्ता कार्यहरु पूर्वतयारीकै सन्दर्भमा पर्दछन । त्यसैगरी आपतकालीन समयमा खोज उद्धारमा संलग्न हुने मानव संसाधनको विकास गर्ने, विभिन्न कार्यदलहरुको गठन र उनीहरुको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने , पूर्वसूचना प्रणालीको सञ्चालन र विस्तार गर्ने, आपतकालीन सेवा प्रदायक संघ संस्थाहरुसँग नियमित समन्वय गरी त्यस्ता संस्थाहरुको सम्पर्क अद्यावधिक गरिरहने जस्ता कार्यहरु पर्दछन । त्यसैगरी आपतकालीन राहत व्यवस्थापन, खाद्य तथा गैरखाद्य सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने, आपतकालीन खोज उद्धारका सामग्रीहरुको व्यवस्थापन र भण्डारण गरी नियमित अद्यावधिक गर्ने जस्ता पूर्वतयारीका क्रियाकलापहरु नियमित रुपले सञ्चालन गर्नुपर्दछ । त्यसैगरी गाउँपालिकाको विपद पूर्वतयारी योजना अनुरुप नियमित रुपमा नमुना अभ्यास सञ्चालन गर्ने, खानेपानीका श्रोतहरुको संरक्षण, अनुगमन तथा नीति, कानुन,ऐन, योजना, रणनीति तथा कार्ययोजनाहरुको निर्माण र अद्यावधिक गर्ने र कार्यान्वयन गर्ने जस्ता क्रियाकलापहरु पनि सामान्य पूर्वतयारीका क्रियाकलाप अन्तर्गत पर्दछन ।

**(ख) पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी**ः

यो चरणका कार्यहरू प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको पूर्वानुमानमा आधारित भरपर्दो आधिकारिक सूचनाको आधारमा तय गर्नुपर्दछ । सोही पूर्वानुमान र उपलब्ध अग्रिम समय (lead time)को आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु अत्यावश्यक हुन्छ । यसमा सामान्य सतर्क रहनेदेखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धनसम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्नेसम्मका कृयाकलाप हुन सक्नेछन् । पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी भित्र प्रकोपको प्रकृति अनुसार अलग ढंगले पूर्वतयारी गर्नुपर्दछ । हावाहुरीको जोखिम भएको क्षेत्रका कच्ची घरहरुको अवस्था विश्लेषण गरी छानो कस्ने देखि बाढीको पूर्वसूचनाका आधारमा जोखिमपूर्ण वस्तीहरुको सुरक्षित स्थानान्तरण गर्ने, पहिरो ग्रस्त क्षेत्रका मानिसहरुलाई बर्षातको सुचना सँगै सतर्क गराई आवश्यक परे स्थानान्तरण गर्ने सम्मका क्रियाकलापहरु यस प्रकारको पूर्वतयारीमा पर्दछन् । उदाहरणको लागि ठाटीकाँध गाउँपालिकामा वाढी तथा पहिरो पूर्वसुचना प्रणालि स्थापना नभइसकेकाले हाल जल तथा मौसम विज्ञान विभागको सुचनाको आधारमा सर्तकता बढाउने र आवश्यकता परेमा पूर्वनिर्धारित सुरक्षित स्थानमा स्थानान्तरण गर्नु, परिवारहरुको जोखिमको अवस्था हेरी आवश्यक निर्धारीत कार्यक्रम लागु गर्नु आवश्यक छ । साथै स्थानान्तरण गरिएका परिवारहरुको आपतकालीन व्यवस्थापनका लागि खाद्य तथा गैरखाद्य सामग्रीको वितरण प्रकृयालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि गाउँपालिकाले यस्ता परिवारको लागत पहिले नै खडा गरेको हुनुपर्दछ ।

**(ग) आपत्कालीन प्रतिकार्यका लागि पूर्वतयारीः**

यस चरणका कामहरुमा विपद्जन्य प्रकोप आएको वा सम्भावित खतराको अवस्थामा तत्कालको आवश्यकता अनुसार गर्ने कार्यहरु समावेश गर्नु पर्दछ । यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने प्रतिकार्यका क्रियाकलाप जस्तै खोज, उद्धार, आपतकालीन राहत तथा उपचार एवं जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने जस्ता गतिविधिहरू समावेश गर्नुपर्दछ । खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चातको परिस्थिति

सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य तथा शिघ्र पुर्नलाभका कार्यहरू यस चरणमा पर्दछन् । आपतकालीन प्रतिकार्यका लागि पूर्वतयारी शब्दबाट नै स्पष्ट छ कि विपद्को समयलाई लक्षित गरेर गरिने पूर्वतयारीका क्रियाकलापहरु यसअन्तर्गत पर्दछन् । खास गरी पूर्वतयारीका क्रियाकलाप अन्तर्गत श्रोत, साधनको व्यवस्थापन र भण्डारण गरिन्छ, जनशक्तिको व्यवस्थापन र क्षमता विकासका काम गरिन्छ । पूर्वतयारीको चरणमा मानवीय, भौतिक, अर्थिक,सामाजिक र प्राकृतिक पुँजीको व्यवस्थापन गरी संरक्षण गरिन्छ भने प्रतिकार्यको समयमा तिनै पाँच प्रकारका पुजीको परिचालन गरिन्छ । यसो गर्नाले व्यक्ति,समुदाय र समग्र राष्ट्रको विपद सामना क्षमता मजबुद हुन्छ । मानव संसाधनको निर्माण तथा क्षमता विकास, खोज तथा उद्धार सामग्रीहरुको प्रभावकारी परिचालन, खाद्य तथा गैर खाद्य सामग्रीहरुको समानुपातिक वितरण, अस्थायी आवासस्थलहरुको अनुगमन, स्वास्थ्य खानेपानी तथा सरसफाई व्यवस्थापन, प्रभावकारी पूर्वसूचना प्रणालीको सञ्चालन, लैंगिक तथा सामाजिक समावेशीकरण अनुगमन जस्ता कुराहरुमा ध्यान पुर्याउन सकेको खण्डमा प्रतिकार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ र आपतकालीन अवस्थामा हुने थप क्षतिलाई न्युनिकरण गर्न सकिन्छ ।

# परिच्छेद ३: ठाटीकाँध गाउँपालिकामा विपद् जोखिमको अवस्था

## ३.१ विगतका विपद्हरूको विश्लेषण

ठाटीकाँध गाउँपालिका विपद् जोखिमको दृष्टिकोंणले संकटासन्न रहेको छ। यो गाउँपालिका कुनै खास प्रकोपका कारण मात्र नभएर बहुप्रकोपको जोखिममा रहेको छ। २०७७ सालको बाढीको कारण यस गाउँपालिकाको वडा नं ४ मा मानविय क्षति सहित अन्य वडाहरुमा पनि ठुलोमात्रामा भौतिक क्षतिहरु भएको पाईन्छ। २०५२ साल देखी २०७७ साल सम्ममा गएको पहिरोको कारण पालिकाले धेरै क्षति व्यहोरेको पाईन्छ। चट्याङमा परी बिगतमा ठाटीकाँधमा ५ जनाको ज्यान गएको छ। समग्र गाउँपालिकाको अवस्था विश्लेषण गर्दा यस गाउँपालिकामा जलउत्पन्न प्रकोपको जोखिम रहेको छ भने पालिकाक्षेत्रभित्र निर्मित भौतिक संरचना र पूर्वाधारको अवस्था हेर्दा ठाटीकाँध गाउँपालिका भूकम्पीय दृष्टिकोंणले निकै जोखिममा रहेको भएतापनि प्रकोपको दोहोरिइरहने प्रबृत्ति र अन्तराल हेर्ने हो भने हाल सम्म यहाँ भूकम्पीय प्रभाव न्युन मात्रामा परेको छ तथापि जोखिम न्युनिकरणका लागि पूर्वतयारीका क्रियाकलाप गर्नु अपरिहार्य देखिएको छ। गाँउपालिका स्तरमा भएको छलफलबाट प्राप्त सुचना अनुसार यो पालिकाले समेटेका साबिकका गा.वि.स.को क्षेत्रभित्र बिगतका बर्षदेखि हालसम्म भएका प्रकोपका घटना र क्षतीको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका : विपद्को ऐतिहाँसिक घटनकम**

| विपद् | मिति | प्रभावित क्षेत्र | विषयगत क्षेत्रमा परेको प्रभाव | व्यवस्थापनका प्रयासहरु |
|---|---|---|---|---|
| बाढी | २०७७ भाद्र | वडा नं ४ गैरा गाउँ, भेरीपाताल, जेमीचौर, वाचपानी, डाडाँ गाउँ, धनकोट | २ जनाको मृत्यु, ८ घर पूर्ण रुपमा नष्ट, ९२ घरमा आँशिक क्षती, एउटा माइकोहाइड्रोका क्षती, ७ वटा घट्ट र २ वटा स्कुलमा समेत क्षती | प्रदेश सरकारबाट मृतकका परिवारलाइ रु एक लाख प्रदान |
| | | वडा नं ६ दैउली सिहं | २ वटा घर र एउटा घट्ट बगाएको | |
| | | व डा नं घुणघुणी, माझखर्क | २ जना घाइते र ४ वटा भर बगाएको | |
| | | वडा नं ३ धामी गाउँ | ४ घर पूर्ण रुपमा नष्ट | |
| | | वडा नं ३ रामा गाड खोला | बरीब ३०० बिगाहा खेतियोग्य जमिनमा क्षती | |
| | | वडा नं १ कोषेणी, नदाई | २ वटा घरमा क्षती | |
| | | वडा नं १ नुवा वन | १ वटा घरमा क्षती | |
| | | वडा नं २ प्याङुली, भईता | १० वटा घरमा क्षती | |
| पहिरो | २०७४ साल यता | वडा नं ५ तोलीपाटा | बरीब २५ रोपनी खेतियोग्य जमिन र सडकमा क्षती | |
| | २०७४ साल यता | वडा २,३ र ४ माझ, जौचर, रोतु, खोला खेत, चौथा, धनकोट,कालारह खोलो, गोगन पानी, जिउला,माझा | ५०घरमा क्षती, ४०० रोपनी खेतमाक्षती, सिचाइ नहर र खानेपानी योजना क्षती | |
| | २०५२ | वडा न ं२ उंलनी | १ घर बगाएको, १ जनाको मृत्यु | |
| | २०७७ | वडा नं १, आपँ खेत, रामतला, खाडा खेत, डाडाँवन, थापा खेत | करीब ३०० रोपनी खेतियोग्य जमिन पूर्णरुपमा नष्ट भएको | |
| | २०७४ साल यता | वडा नं ३ पथ्थरी खान | करिब ५० लाख बराबरको खानेपानी योजानमा क्षती | |

| | | | | |
|---|---|---|---|---|
| | | वडा नं ३ तिसीयानी | करिब ४२ लाख बराबरको खानेपानी योजनामा क्षती | |
| | २०७७ | वडा नं २ जौचर | करिब ३० लाख बराबरको ककाटे खानेपानी योजनामा क्षती | |
| | २०७४ साल यता | वडा नं ६ डिमुरे, वुढा खोला | सिचाइ नहरमा क्षती | |
| | २०७७ | वडा नं भौखाल, राती माटी | करिब २०० रोपनी खेतियोगय जमिन बगाएको | |
| महामारी (पखाला) | २०७९ | वडा नं छडाथान | १ जनाको मृत्यु, ३ जना संक्रमित | |
| | २०६७ | वडा नं १ नुवा वन | १ जनाको मृत्यु, ४० जना संक्रमित | |
| | | वडा नं ६ तिरुवा खोला | २ जना बच्चाको मृत्यु, | |
| Epidemic (Covid 19) | 2077-78 | Ward 5 आग्र, Ward 4 गैरा गाउँ, Ward 3 भुवा खाडा | ३ जनाको मृत्यु, ३०० जना संक्रमित | |
| जंगली जनावरको आक्रमण | २०६० साल यता | सबै वडाहरुमा | करिब १ करोड बराबरको क्षती | |
| असिना | २०७५ | सबै वडाहरुमा | करिब ८ करोड बराबरको क्षती | |
| चट्याङ | २०७६ | वार्ड नं ६ लामावेला | १ जनाको मृत्यु, १ घरमा क्षती, १ गाई र १ बाख्राको मृत्यु | |
| | २०७४ | वडा नं १ | २ वटा बाख्रा, २ वटा गारु मरेका | |
| | २०७६ | वडा नं ३ कठारी टोल | २ गोरु मरेका | |
| | २०७९ | वडा न. ३ मौभेरी | १ भैंसि मरेको, १ जना मानिस घाइते भएका | |
| | २०५२ | वडा नं ४ डाडाँ गाउँ | १ जनाको मृत्यु | |
| | २०७० | वडा नं ४ उल्लेनी | १ जनाको मृत्यु | |
| | २०६५ | वडा नं ४ वाभ्क पानी | १ जना घाइते | |
| | | | | |

*श्रोत समूह छलफल २०७९*

### ३.२.कानुनी नीतिगत तथा संस्थागत व्यवस्था

**नेपालको संविधान, २०७२**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न जारी भएको संविधान २०७२ ले नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रुपमा परिभाषित गर्नुका साथै राज्य सञ्चालनका लागि तीन तहको संरचनाको व्यवस्था गरी प्रत्येक तहको काम, कर्तब्य र अधिकारको व्यवस्था गरेको छ । संविधानको अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा राहत र पुनर्लाभको अधिकार संघ र प्रदेशको साझा अधिकार सूचीको विषय बनाएको छ । साथै अनुसूची ८ मा विपद व्यवस्थापनको कार्यलाई स्थानीय तहको अधिकार क्षेत्रभित्रको विषयका रुपमा समावेश गरेको छ भने धारा ५१ राज्यको नीतिहरुको खण्ड (ज) प्राकृतिक स्रोत साधनको संरक्षण सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने भनी विपद पूर्वतयारी र प्रतिकार्यको कार्यलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४**

विपद व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वधसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई प्रतिस्थापन गर्दै जारी भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई

प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विभिन्न तहगत संरचनाहरुको प्रवन्ध गरी विपद पूर्व, विपदको समयमा एवं विपद पश्चातको अवस्थामा त्यस्ता संरचनाले निर्वाह गर्नुपर्ने भुमिका एवं जिम्मेवारी समेत निर्धारण गरेको छ ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

विगतमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले योजना छनौट गर्दा प्राकृतिक प्रकोप न्यूनीकरण हुने खालका योजना छनौटमा प्राथमिकता दिनुपर्ने व्यहोरा उल्लेख गरेको थियो । साथै साबिकमा स्थानीय योजना तर्जुमा गर्दा सहभागितामूलक योजना पद्धति अवलम्बन गरी विपदलाई समेत मूलप्रवाहीकरण गर्दै विपद अनुकुलनका योजना छनौट र सञ्चालन गर्ने नीति स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा राखी सोही बमोजिम योजना अभ्यास गर्ने गरिएको पाइन्थ्यो । हाल नेपाल संघीय राष्ट्रको रुपमा रुपान्तरण भैसकेको अवस्थामा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ऐनको खारेजी गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको हो । उक्त ऐनको परिच्छेद ३ मा गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तरगत विपद् व्यवस्थापन सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ ।

**विपद जोखिम न्यूनीकरण सम्बन्धी राष्ट्रिय नीति, २०७५**

विपद जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोच राखी यो नीति अवलम्बन गरिएको छ । विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरुलाई सन्तुलित रुपमा कार्यान्वयन गरी विपदबाट हुने जनधन, स्वास्थ्य तथा जीविकोपार्जनका श्रोतसाधनहरुका साथै व्यक्ति, समुदाय र राष्ट्रको आर्थिक सामाजिक तथा भौतिक पुर्वाधार र सांस्कृतिक एवं पर्यावरणीय सम्पदाको जोखिम तथा क्षतिमा उल्लेख्यरुपमा कमी गर्नु तथा तिनीहरुको उत्थानशीलता वृद्धि गर्ने उद्देश्य रहेको यस नीतिले विपदबाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य रुपले कम गर्नु, जीविकोपार्जनका स्रोतहरुका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाइका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरु जस्ता महत्वपूर्ण पुर्वाधार तथा आधारभूत सेवाहरुमा विपदले पुर्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरुको उत्थानशीलतामा वृद्धि गर्नु र विपदबाट हुने प्रत्यक्ष आर्थिक क्षति कम गर्ने लक्ष्य लिएको छ ।

**ठाटीकाँध गाउँपालिकाको विपद् प्रभावित परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धि मापदण्ड, २०७९**

ठाटीकाँध गाउँपालिका क्षेत्रभित्र विपद् व्यवस्थापनका सबै क्रियाकलापहरु समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपका कारण उत्पन्न विपद्बाट सर्वसाधारणको जीउज्यान, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनामा हुनसक्ने हानी नोक्सानीबाट प्रभावितहरुलाई राहत प्रदान गर्दा एकरुपता अपनाउन तथा राहतकार्यलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि विपद् प्रभावित परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धि मापदण्ड, २०७९ जारी गरेको छ ।

### ३.३ प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु

| **प्रकोप** | भूकम्प | बाढी | पहिरो | खडेरी | आगलागी | जंगली जनावर | महामारी | चट्याङ्ग | असिना | हावाहुरी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प | भूकम्प |
| बाढी | | | पहिरो | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| पहिरो | | | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| खडेरी | | | | | खडेरी | जंगली जनावर | महामारी | चट्याङ्ग | खडेरी | खडेरी |
| आगलागी | | | | | | जंगली जनावर | महामारी | चट्याङ्ग | आगलागी | आगलागी |
| जंगली जनावर | | | | | | | महामारी | चट्याङ्ग | जंगली जनावर | जंगली जनावर |
| महामारी | | | | | | | | महामारी | महामारी | महामारी |
| चट्याङ्ग | | | | | | | | | चट्याङ्ग | चट्याङ्ग |
| असिना | | | | | | | | | | हावाहुरी |
| हावाहुरी | | | | | | | | | | |
| अंकभार | ९ | ७ | ८ | ३ | २ | ४ | ६ | ५ | ० | १ |
| स्तर | १ | ३ | २ | ७ | ८ | ६ | ४ | ५ | १० | ९ |

*श्रोत समूह छलफल २०७९*

ठाटीकाँध गाउँपालिका विपद् जोखिमको दृष्टिकोंणले संकटासन्न रहेको छ। यो गाउँपालिका कुनै खास प्रकोपका कारण मात्र नभएर बहुप्रकोपको जोखिममा रहेको छ। २०७७ सालको बाढी तथा पहिरोको कारण यस गाउँपालिकाको वडा नं ४ बिषालामा २ जनाको ज्यान गएको छ। २०७४ र २०७७ सालमा गएको पहिरोको कारण सयौ घरपरिवार प्रभावित भएको देखिन्छ। चट्याङमा परी बिगतमा ठाटीकाँधमा ५ जनाको ज्यान गएको छ। समग्र गाउँपालिकाको अवस्था विश्लेषण गर्दा यस गाउँपालिकामा जलउत्पन्न प्रकोपको जोखिम रहेको छ भने पालिका क्षेत्र भित्र निर्मित भौतिक संरचना र पूर्वाधारको अवस्था हेर्दा ठाटीकाँध गाउँपालिका भूकम्पीय दृष्टिकोंणले निकै जोखिममा रहेको भएतापनि प्रकोपको दोहोरिइरहने प्रबृत्ति र अन्तराल हेर्ने हो भने हाल सम्म यहाँ भूकम्पीय प्रभाव परेको नभएतापनि जोखिम न्युनिकरणका लागि पूर्वतयारीका क्रियाकलाप गर्नु अपरिहार्य देखिएको छ। ठाटीकाँध गाउँपालिकामा विभिन्न प्रकोपका घटनाहरुको पहिचान गरी स्तरीकरण गरिएको छ। यस गाउँपालिकामा हरेक वर्ष दोहोरिन सक्ने प्रकोपहरुवीच तुलना गर्दा पहिलोनम्बरमा भूकम्प राखिएको छ भने दोश्रोमा पहिरो तेश्रोबाढी, चौथोमा महामारीा,पाँचौमाचट्याङ्ग, छैटौंमा वन्यजन्तु आतंक,सातौंमा खडेरी आठौंमा आगलागी, नवौंमा हावाहुरी र दशौंमा असिना रहेका छन्।

### ३.४ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शांकन

ठाटीकाँध गाउँपालिकामा कुन कुन महिनामा के कस्ता प्रकोपहरुको जोखिम रहेको छ भन्ने कुराको विश्लेषण गर्न प्रकोप पात्रोको निर्माण गरिएको छ। यसले गाउँपालिका भित्र कुन कुन प्रकोपको उच्च जोखिम कुन कुन महिना मा मध्यम जोखिम र कुनकुन प्रकोपको कुन महिनामा न्युन जोखिम छ भन्नेकुरा प्रस्तुत पात्रोले बुझाउँछ। भूकम्प र माहामारी जस्ता प्रकोपहरु १२ महिना उच्च जोखिम रहेको छ भने बाढी पहिरोको असार, श्रावण र भदौमा उच्च जोखिम, जेठ र असोजमा मध्यम र बाँकी महिना न्युन जोखिम रहेको छ।हावाहुरी चैत, बैषाखमा उच्च जोखिम, फागुन र जेठमा मध्यम जोखिम र असारदेखि माघ सम्म न्युन जोखिममा रहेको छ। त्यसैगरी चट्याङ चैतदेखि असारसम्म उच्च जोखिम,फागुन मा मध्यम जोखिम र असारदेखि माघसम्म न्युन जोखिम रहेको छ। पहिरोको जोखिम असार श्रावण भदौमा उच्च जोखिम अरु महिना न्युनजोखिम रहेको छ भने आगलागी चैत र बैषाखमा उच्च जोखिम,

जेठ,असोज,कार्तिक र फागुनमा मध्यम जोखिम र बाँकी महिना न्युन जोखिम रहेको देखिएको छ । यसबाट गाउँपालिकाका लागि पुर्वतयारी तथा प्रतिकार्यका कृयाकलापको पहिचान तथा प्राथमिकता निर्धारण गरी भावी योजना तर्जुमामा सहयोगी शिद्ध हुनेछ ।

| ठाटीकाँध गाउँपालिकाको प्रकोप पात्रो | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **विपद्का घटनाहरु** | **बै.** | **जे** | **अ.** | **श्रा.** | **भा.** | **आ.** | **का** | **मं** | **पौ** | **मा.** | **फा.** | **चै** |
| भूकम्प | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| महामारी | | | | | | | | | | | | |
| हवाहुरी | | | | | | | | | | | | |
| चट्याङ | | | | | | | | | | | | |
| पहिरो | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |

**उच्च जोखिम** **मध्यम जोखिम** **न्युन जोखिम**

### ३.५ विपद संकटासन्नता तथा क्षमता विश्लेशण

ठाटीकाँध गाउँपालिका दैलेख जिल्लाका स्थानीय तहरुमध्ये एक प्रमुख गाउँपालिका हो । संकटासन्नताको अवस्थालाई न्युन गरी क्षमता विस्तार गर्न केही प्रयत्नहरु गर्न खोजिएको भएतापनि पर्याप्त ध्यान पुग्न नसक्दा स्थानीयहरुले हरेक वर्ष मार खेप्नु परेको छ । हाल गाउँपालिकाले ६ वटै वडाहरुमा वडाका संकटासन्न समुदायहरुमा विपद् व्यवस्थापन समिति गठन गरेको छ । स्थानिय स्तरमा खोज तथा उद्धार र प्राथमिक उपचार लगाएतका बिषयवस्तु समेटी तालिम हरु संचालन गरिएको छ । तथापि उद्धारका सामग्रीको व्यावस्था हुन नसकेको र न्युन मात्रामा रहेको छ ।

**ठाँडीकाँध गाउँपालिकाको संकटासन्नता विश्लेषण**

| पहिरो | आगलागी | महामारी | जंगली जनावर | चट्याङ | बाढी |
|---|---|---|---|---|---|
| उच्च | मध्यम | मध्यम | उच्च | उच्च | मध्यम |

## ३.६ विपद जोखिम  आंकलन तथा नक्शांकन

गाउँपालिकाको भौगोलिक अवस्थिति, विपद्को सामना गर्ने क्षमता तथा जनचेतनाको अभावका कारण जनधनको क्षति हुने गरेको छ । प्राकृतिक कारणबाट हुने प्रकोपका घटनामा मानवीय क्रियाकलापले ती घटनाको आवृत्ति र क्षतिको मात्रामा निरन्तर वृद्धि भइरहेको छ । यस सन्दर्भमा स्थानीय  तहको सूचना सङ्कलन गरी तथ्याङ्क तथा सूचनाको विश्लेषणका आधारमा खासगरी भूकम्प, बाढी, आगलागी आदीबाट प्रभावित हुने जनसङ्ख्याको पूर्वानुमान निम्नअनुसार गरेको छ ।

| **प्रकोपको घटना** | **प्रभावित हुनसक्ने परिवार** | **प्रभावित हुनसक्ने जनसङ्ख्या** | **कैफियत** |
|---|---|---|---|
| भूकम्प | २५०० | १२५०० | २०७२ जस्तो अवस्थामा |
| पहिरो | १०० | ५०० | |
| बाढी | २५० | १५०० | |
| आगलागी | २० | १०० | |
| वन्यजन्तु आतंक | ७०० | ३५०० | बाली नाली र पशु धनको क्षतिलाइ आधार |

**श्रोत समूह छलफल २०७९**

| **सम्भावित विपद्को प्रकार (१ निम्न-५ उच्च)** | | | | |
|---|---|---|---|---|
| **बाढी** | **पहिरो** | **आगलागी** | **भूकम्प** | वन्यजन्तु आतंक |
| ४ | ४ | ३ | ५ | ४ |

**श्रोत समूह छलफल २०७९**

माथिको विपद्जोखिम स्तरीकरणमा ५ अंकलाई उच्च जोखिम, ४ अंकलाई जोखिम र ३ अंकलाई मध्यम जोखिम मानिएको छ भने २ र १ अंकलाई कम जोखिममा राखिएको छ ।

### विपद् जोखिम बिश्लेषणको सूचक अनुसारको एकिकृत तालिका


| **विपद्को क्षेत्र** | **उच्च जोखिम क्षेत्र** | **मध्य जोखिम** |
|---|---|---|
| भुकम्प | सबै वडाहरु | |
| पहिरो | वडा नं ४, ३ | वडा नं १, २, ५, ६ |
| बाढी | नरहेको | सबै वडाहरु |
| आगलागी | नरहेको | सबै वडाहरु |
| वन्यजन्तु आतंक | नरहेको | सबै वडाहरु |

- ठाटीकाँध गाउँपालिकाको नदि खोलाको तटिय क्षेत्र वरपर रहेका अधिकाँस खेतियोग्य जमिनहरु वर्षेनी खोलामा आउने बाढीका कारण डुवान र कटान हुने जोखिम रहेको छ ।
- खोलाको केही भाग बाहेक अधिकाँस स्थानमा तटबन्ध निर्माण नगरिएकोले वर्षेनी कटान हुँदाजमिन खोलामा रुपान्तरण भएको छ ।
- ९५ प्रतिशत भन्दा बढी कच्ची संरचना भएको र भूकम्पीय जोखिमलाई मध्यनजर गरेर संरचना निर्माण गर्ने अभ्यास नभएकाले अधिकांश घरहरु अत्यन्तै संबेदनशील र भुकम्पीय दृष्टिकोंणले उच्च जोखिममा रहेकाछन । २०७२ साल बैषाख १२ र २९ गतेको बिनाशकारी भुकम्पले गाउँपालिकाका निजि तथा सार्बजनिक संरचनाहरुमा दरार पैदा गरी कमजोर पारेको कारण जोखिमको संम्भावना उच्च नै रहेको छ । Humanitarian Country Team (HCT) and key partners engaged Durham University ले गरेको अध्ययन अनुसार नेपालको मध्य तथा सुदुर पश्चिम भागमा भुकम्प जान सक्ने सम्भावना रहेको र ठुलोमात्रामा जनधनकोक्षति हनुसक्ने अनुमान गरेकोछ । भूकम्पको

जोखिममा नेपाल राष्ट्र नै उच्च जोखिमा रहेको हुनाले यस ठाटीकाँध गाउँपालिकापनि यस प्रकोपबाट अछुतो छैन ।

- कर्णाली राजमार्ग, मध्य पहाडी राजमार्ग तथा स्थानिय ग्रामिण सडक धेरै सांगुरा मोड र चौडाइ सानो भएकाले सडक दुर्घटनाका घटनाहरु बढीरहेको छ । तथापी सडकको स्तरउन्नति कार्य निरन्तर भइरहेको देख्न सकिन्छ ।

यी माथि उल्लेखित प्रकोपका अतिरिक्त महामारी, हावाहुरी, आगलागी, चट्याङ, असिना आदिका कारणले पनि नागरिकहरुलाई बेलाबेलामा समस्यामा पारेको अवस्था छ । प्रकोपहरुको जोखिम आगामी दिनमा अझै बृद्धि हुनसक्ने सम्भावना रहेको देखिन्छ ।




## ३.७ प्रकोप पूर्वानुमान तथा पुर्वसुचना प्रणाली विश्लेशण

पूर्व सूचना प्रणालीले मुख्यतया सम्भावित सम्भावित घटनाको पूर्वानुमानका लागि मौसम पूर्वानुमान तथा नदिको माथिल्लो भेगमा तात्कालिक वर्षाको अनुगमनमा आधारित छ । त्यस अवस्थामा, माथिल्लो क्षेत्रमा वर्षा मापन केन्द्रको तात्कालिक अनुगमनले तल्लो भेगका समुदायहरुलाई अचानक आउने बाढीका लागि पूर्व सूचना दिन बढी प्रभावकारी भएको छ । ठाटीकाँध गाउँपालिकाको खोलाहरु तथा जलाधार क्षेत्रहरुमको समिपमा बस्तिहरु कम रहेको तथा समुदायमा आधारित पूर्व सूचना प्रणाली विस्तार नभएको तथा जलतथा वर्षा मापन केन्द्रहरु पालिका स्तरमा नरहेको अवस्था छ । पूर्व सूचनालाई पालिका स्तरमा जडान तथा समुदाय सम्म पुर्‍याउन आपतकानि कार्यसंचालन केन्द्र स्थापना गरि पूर्वसूचना प्रणाली संचार संयन्त्रको स्थापना हुनु जरुरी छ । साथै मौसम पूर्वानुमानको सुचनाको समुदाय स्तरमा पहुँच विस्तर भएमा कृषकहरुलाई प्रत्यक्ष लाभ पुग्ने देखिन्छ ।

### ३.८ विषयगत क्षेत्रहरु

**विषयगत क्षेत्रको परिचय :**

विपद्बाट प्रभावितहरुलाई आधारभूत मानवीय सेवा उपलब्ध गराउने सन्दर्भमा विशेषज्ञता तथा कार्यक्षेत्रका आधारमा जिम्मेवारीको बाँडफाड नै विषयगत क्षेत्रको रुप हो । उद्धार तथा राहत, सूचना व्यवस्थापन, खाद्यान्न, आवास, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रबर्द्धन, सुरक्षा तथा संरक्षण, शिक्षा जस्ता विषयमा विशेषज्ञता हासिल गरेको समूहले आ-आफ्नो क्षेत्रको जिम्मेवारी लिँदा मानवीय सहयोगको कार्य व्यवस्थित र प्रभावकारी बन्ने अवधारणका साथै क्षेत्रगत अवधारणालाई विपदबाट विस्थापित समुदायलाई उपलब्ध गराइने मानवीय सहयोग विशेषज्ञता प्राप्त निकाय तथा संस्थाको नेतृत्वमा उपलब्ध गराउने गरी गरिएको कार्यविभाजन भनेर पनि बुझ्न सकिन्छ । क्षेत्रगत अवधारणाका प्रमुख विशेषता देहायअनुसार रहेका छन्

- विपद्को समयमा प्रभावित समुदायसम्म आफ्नो उपस्थिति कायम राख्छ ।
- प्रतिकार्य (खोज, उद्धार र राहत व्यवस्थापन) प्रक्रियामा विशेषज्ञताको उपयोग हुन्छ ।
- मानवीय सहयोगलाई प्रभावकारी, जिम्मेवारी र उत्तरदायी बनाउने कार्यलाई सुनिश्चित गर्छ ।
- मानवीय सहयोगका क्षेत्रको पहिचान गरी त्यसअनुरूप सहयोगको खाका तयार गर्छ ।
- प्रतिकार्यमा देखिएका कमीकमजोरीमा सुधार गरी कार्ययोजनाको समीक्षा गर्दै आवश्यकता अनुसार जिम्मेवारी निर्धारण तथा परिमार्जन गर्छ ।

**विषयगत क्षेत्रको उद्देश्य**

विषयगत क्षेत्रका प्रमुख उद्देश्य देहायअनुसार रहेका छन्

१.क्षेत्रगत रूपमा मानवीय सहयोगलाई प्रभावकारी बनाउनु,

२.आपत्कालीन पूर्वतयारीलाई चुस्त र कार्यान्वयन योग्य बनाउनु,

३.क्षेत्रगत समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु,

४.समन्वय र समझदारी अभिवृद्धि गर्नु,

५.क्षेत्रगत ज्ञान, सीप, प्रविधिको प्रभावकारी कार्यान्वयन गर्नु ।

**विषयगत क्षेत्रको नेतृत्व गर्ने निकाय र सदस्यहरू**

यस योजनामा गाउँपालिकामा ७ वटा विषयगत क्षेत्र निर्धारण गरिएको छ । विषयगत क्षेत्रको नेतृत्व गर्ने निकायले अन्य सदस्यसँग समन्वय गरी काम गर्नेछन्

- खोज तथा उद्धार, पूर्व सूचना र समन्वय विषयगत क्षेत्र
- आपत्कालीन आवास तथा गैरखाद्यविषयगत क्षेत्र
- कृषि तथा खाद्य विषयगत क्षेत्र
- स्वास्थ्य,खानेपानी तथा सरसफाइ र पोषणविषयगत क्षेत्र
- संरक्षण विषयगत क्षेत्र
- शिक्षा विषयगत क्षेत्र
- राहत पुर्नस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र

## गाउँपालिकास्तरीय विषयगत क्षेत्र विवरण

### १. खोज तथा उद्धार ,पूर्वसूचना र समन्वय विषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका | रक्ष बहादुर शाह | अध्यक्ष | ९८५८०८७९१८ |
| २ | गाउँ कार्यपालिका | टेक बहादुर शाही | प्रमुख प्रशासकिय अधिकृत | ९८५८०५५६५५ |
| ३ | प्रहरी चौकी ठाटीकाँध | थल प्रसाद ढकाल | प्र.स. निरिक्षक | ९८४८१६९७६८ |
| ४ | वडा प्रतिनिधि | चक्र कामी | अध्यक्ष वडा नं १ | |
| ५ | नेपाल रेडक्रकस सोसाइटी | लब बहादुर शाही | उपशाखा सभापती | ९८५८०५०५२० |
| ६ | गाउँपालिका सामाजिक विकास शाखा | नेम बहादुर खत्री | अधिकृत | ९८४३२६८७८५ |
| ७ | गाउँपालिका विपद् सम्पर्क व्यक्ति | शारदा रावत | सहायक अधिकृत | ९८४८२४२९८० |
| ८ | पत्रकार प्रतिनिधि | | | |
| ९ | समुदायमा आधारित खोज तथा उद्धार कार्यदल | | | |

### २. आपतकालीन आवाष तथा गैरखाद्य बिषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिका | रक्ष बहादुर शाह | अध्यक्ष | ९८५८०८७९१८ |
| २ | नेपाल रेडक्रस सोसाइटी | लब बहादुर शाही | उपशाखा सभापती | ९८५८०५०५२० |
| ३ | प्रहरी चौकी | थल प्रसाद ढकाल | प्र.स. निरिक्षक | ९८४८१६९७६८ |
| ४ | वडा प्रतिनिधि | प्रेम वहादुर मगर | अध्यक्ष वडा नं २ | |
| ५ | सामुदायिक वन प्रतिनिधि | | | |
| ६ | उद्योग बाणिज्य संघ | टेक वहादुर थापा | वजार व्या सं अध्यक्ष | |
| ७ | बचत समुह प्रतिनिधि | | | |
| ८ | विद्यालय प्रतिनिधि | | | |
| ९ | विद्यालय व्यवस्थापन प्रतिनिधि | | | |

### ३. कृषि तथा खाद्य बिषयगत क्षेत्र

| क्र. सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | गाउँपालिका कृषि विकास शाखा | बिनोद कुमार बिष्ट | न.प्र.स | ९८४८२१२८०६ |
| २ | गाउँपालिका पशु सेवा शाखा | थिर बहादुर खडका | ना.प्रा. | ९८४८००२००१ |
| ३ | नेपाल रेडक्रस सोसाइटी उपशाखा | लब बहादुर शाही | उपशाखा सभापती | ९८५८०५०५२० |
| ४ | कृषि सहकारी संस्था | | | |
| ५ | कृषक समुह प्रतिनिधि | | | |
| ६ | वडा प्रतिनिधि | भरत वहादुर वम | अध्यक्ष वडा नं ३ | |
| ७ | कृषि क्षेत्रमा कार्यरत गैसस प्रतिनिधि | | | |

## ४.स्वास्थ्य, खानेपानी तथा सरसफाई र पोषण बिषयगत क्षेत्र

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | गाउँ पालिका स्वास्थ्य शाखा | रबिन्द्र भण्डारी | | ९८६०१६००९९ |
| २ | नेपाल रेडक्रस सोसाइटी | लब बहादुर शाही | उपशाखा सभापती | ९८५८०५०५२० |
| ३ | वडा प्रतिनिधि | जोरा सिं रोकाया | वडा नं ६ अध्यक्ष | |
| ४ | स्वास्थ्य सेवा केन्द्र | भिम बहादुर थापा | अहेव | ९८५८०३१८५० |
| ५ | महिला स्वास्थ्य स्वयमसेविका प्रतिनिधि | तारादेवी शाही | | ९८६८१८०७३९ |
| ६ | पोषणमा कार्यरत गैसस प्रतिनिधि | हस्त बहादुर थापा | | ९८६४७३६२१६ |
| ७ | खानेपानी तथा सरसफाई उपभोक्ता शाखा प्रतिनिधि | ज्ञानेन्द्र बहादुर विष्ट | खा.पा.से.रे. | ९८४८३०५८१९ |

## ५. संरक्षण विषयगत क्षेत्र

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगरपालिका महिला तथा बालबालिका शाखा | शारदा रावत | सहायक अधिकृत | ९८४८२४२९८० |
| २ | प्रहरी चौकी | थल प्रसाद ढकाल | प्र.स. निरिक्षक | ९८४८१६९७६८ |
| ३ | नेपाल रेडक्रकस सोसाइटी उपशाखा | लब बहादुर शाही | उपशाखा सभापती | ९८५८०५०५२० |
| ४ | महिला सञ्जाल प्रतिनिधि | | | |
| ५ | अपांग प्रतिनिधि | | | |
| ६ | स्थानीय सञ्चारकर्मी कर्मी प्रतिनिधि | | | |
| ७ | वडा प्रतिनिधि | जोरा सिं रोकाया | वडा नं ६ अध्यक्ष | |
| ८ | विद्यालय प्रतिनिधि | | | |
| ९ | विब्यस प्रतिनिधि | | | |

## ६. आपतकालिन शिक्षा विषयगत क्षेत्र

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगरपालिका शिक्षा शाखा | नेत्र बहादुर थापा | शिक्षा अधिकृत | ९८४९९६३९६७ |
| २ | वडा प्रतिनिधि | लाल बहादुर शाही | वडा नं ५ अध्यक्ष | |
| ३ | विद्यालय प्रतिनिधि | | | |
| ४ | विब्यस प्रतिनिधि | | | |
| ५ | शिक्षक अभिभावक संघ | | | |
| ६ | नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि | लब बहादुर शाही | उपशाखा सभापती | ९८५८०५०५२० |

| | | | | |
|---|---|---|---|---|
| ७ | शिक्षक माहासंघ प्रतिनिधि | | | |
| ८ | स्थानीय सञ्चार कर्मी | | | |
| ९ | शिक्षा क्षेत्रमा कार्यरत गैसस प्रतिनिधि | | | |

### ७. राहत पुर्नस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नगरपालिका पुर्वाधार विकास शाखा | लव बहादुर सिजापती | | |
| २ | वडा प्रतिनिधि | केहर सिं कठायत | | |
| ३ | नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि | लब बहादुर शाही | उपशाखा सभापती | ९८५८०५०५२० |
| ४ | नेपाली कांग्रेस | विष्णु प्रसाद रिजाल | | |
| ५ | नेकपा एमाले | अमर विक्रम शाही | | |
| ६ | नेकपा मावबादी | उमेश कुमार रावत | | |
| ७ | बजार व्यवस्थापन समिति | | | |
| ८ | स्थानीय उद्योगी व्यवसायी | टेक वहादुर थापा | | |

# परिच्छेद ४: सामान्य पूर्वतयारी योजना

## ४.१ प्राथमिकता प्राप्त पूर्वतयारी

विपद्को सम्भावना र त्यसबाट हुनसक्ने जनधनको क्षति कम गर्न स्थानीय विपद् व्यवस्थापन समितिले पूर्वतयारीका विभिन्न गतिविधिहरु गर्नेछ । विपद् पूर्वतयारीका साथै विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरण विधिलाई मूलप्रवाहीकरण गर्ने सोच अघि बढाउन र यस योजनाको नियमित रूपमा अध्यावधिक गर्न निम्न क्रियाकलापहरु समावेश गरिएको छ ।

| क.स. | पूर्वतयारी क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | स्थानीय विपद व्यवस्थापन समितिको गठन र बैठक नियमित रुपमा सञ्चालन गर्ने | गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन समिति तथा साझेदार | निरन्तर र आवश्येकता अनुसार |
| २ | पूर्वतयारी र प्रतिकार्य गतिविधिहरूका लागि आवश्यक मानव तथा वित्तीय स्रोतहरू पहिचान गर्ने | गाउँपालिका | स्थाविव्यस, वडा अध्यक्षहरु | |
| ३ | गाँउपालिकाका ६ वटै वडाबाट कम्तीमा १० जना युवालाई खोज तथा उद्धार तालिम उपलब्ध गराउन सशस्त्र प्रहरी बल स्थानिय युनिट संग समन्वय गर्ने र तालिम सम्पन्न गर्ने | गाउँपालिका | स्था वि व्य स, योजना शाखा, तालिम शाखा | वर्षमा एक पटक |
| ४ | आपतकालमा आवश्यकता लेखाजोखाका लागि प्रशिक्षित जनशक्ति तयार गर्ने | गाउँपालिका | शिक्षा विषयगत क्षेत्र स्था वि व्य स, रेडक्रस | |
| ५ | खोज तथा उद्धार सामग्रीका लागि अस्थायी आपत्कालिन आश्रयस्थल, भण्डारण गृह र भण्डारण स्थलको पहिचान गर्ने | गाउँपालिका | वडा समिति, स्था वि व्य स, खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | |
| ६ | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना र विस्तार गरी भविष्यमा २४ घण्टा सञ्चालनमा ल्याउने । | गाउँपालिका | स्थाविव्यस, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | |
| ७ | गाँउपालिका स्तरीय विपद् व्यवस्थापन कोषका स्थापना गरी बैंक खाता सञ्चालन गरी परिचालन गर्ने | गाउँपालिका | गाँउपालिका स्थाविव्यस | |
| ८ | विद्यालय सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्ने | गाउँपालिका | शिक्षा विषयगत क्षेत्र | |
| ९ | खुला क्षेत्र तथा क्वारेन्टाइन स्थलको अवस्था अद्यावधिक गरिराख्ने । | गाउँपालिका | गाउँपालिका, स्थाविव्यस, स्वास्थ्य शाखा | नियमित |
| १० | अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा आपतकालिन अवस्थाको लागि औषधी तथा सामग्रीहरुको जोहो गरिराख्ने । | गाउँपालिका | गाउँपालिका, स्वास्थ्य शाखा, स्वास्थ्य चौकीहरु | नियमित |
| ११ | कोरोना संक्रमितहरुको परीक्षणलाई निरन्तरता दिने | गाउँपालिका | गाउँपालिका स्वास्थ्य शाखा, स्वास्थ्य विषयगत क्षेत्र | नियमित |

| | | | | |
|---|---|---|---|---|
| १२ | पूर्वानुमानमा आधारितपूर्व तयारी र प्रतिकार्यको लागि स्वयंसेवकहरुको क्षमता अभिवृद्धि गर्ने | गाउँपालिका | योजना शाखा, नेपाल रेडक्रस सोसाइटी | चैत्र |
| १३ | प्रारम्भिक लेखाजोखा, मूल्यांकन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारूप तयार गर्ने । | गाउँपालिका | सामाजिक विकास शाखा, रेडक्रस | बैशाख |
| १४ | पूर्व सूचना प्रणाली, ट्रिगर स्तर तथा मौसम पूर्वानुमानको बारेमा समुदायलाई सचेत गराउने | गाउँपालिका | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र, वडा विपद् ब्यवस्थापन समिति | जेठ |
| १५ | विपद् जोखिम व्यवस्थापनबारे समुदायमा जनचेतना अभिवृद्धि गर्ने र सरोकारवालाको क्षमता विकासका लागि काम गर्न संस्थाहरूबीच समन्वय गरी निजी क्षेत्रसमेतको सहभागिता सुनिश्चित गर्ने । | गाउँपालिका | स्थाविव्यस, स्थानिय एफ एम, बजार व्यावस्थापन समिति | नियमित |
| १६ | हरेक वडाका संकटासन्न स्थानहरुमा सामूदायिक विपद् व्यवस्थापन समितिहरु निर्माण गरी वडा कार्यालयमा सुचिकृत गर्ने । | गाउँपालिका | वडा कार्यालय | |
| १७ | विपद् पूर्वसूचनालाई व्यवस्थित र प्रभावकारी रुपले कार्यावयन गर्न उच्च जोखिम क्षेत्र र आपतकालिन कार्यसंचालन केन्द्र प्रतिनिधिविच अन्तरक्रिया गर्ने । | गाउँपालिका | सम्बन्धित वडा विव्यास | |
| १८ | गाउँपालिका भित्र खुला स्थान पहिचान गरी अत्यावशयक पूर्वाधार निर्माणको योजना गर्ने | गाउँपालिका | योजना शाखा, स्थानीय राजनीतिक दलहरु | |
| १९ | खानेपानी निर्मलीकरण र दूषित हुनबाट रोकथामको बारेमा जन समुदायलाई जागरुक बनाउने | गाउँपालिका | स्वास्थ्य शाखा, खानेपानी शाखा | |
| २० | कृत्रिम घटना अभ्यास सम्पन्न गर्ने (आगलागी, पहिरो, बाढी आदीमा) र विपद् व्यावस्थापनको समिक्षा गर्ने | गाउँपालिका | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र, विपद् ब्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी | निरन्तर |

# परिच्छेद ५: पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

नेपालमा पूर्वसुचना तथा पूर्वानुमान प्रणाली विकासको सन्दर्भमा प्रारम्भिक चरणमा रहेको छ । आजसम्म पनि नदी जलाधार सम्बन्धी निर्धारणात्मक हाइड्रोलोजिकल मोडेल संचालित भएका छैनन् । देशको तराई तथा पहाडि क्षेत्रहरुका बाढी जोखिम क्षेत्रहरुमा संचालित पूर्व सूचना प्रणाली पूर्ण रुपले नदी र वर्षाको तात्कालिक अनुगमनमा आधारित छन् । यस सामान्य प्रणालीको एक प्रमुख कमजोरी विशेष गरी भिरालो पहाडी क्षेत्रदेखि उत्पन्न भएका नदीहरुमा विपद् प्रतिकार्यका लागि ज्यादै कम समय (२, ३ घण्टा भन्दा पनि कम) उपलब्ध हुनु हो । पूर्व सूचना प्रणाली मुख्यतया मौसम पुर्वानुमान र तत्कालिक वर्षाको अनुगमन तथा खोलाको माथिल्लो भेगमा तात्कालिक वर्षाको अनुगमनमा आधारित छन् । त्यस अवस्थामा, माथिल्लो क्षेत्रमा वर्षा मापन केन्द्रको तात्कालिक अनुगमनले तल्लो भेगका समुदायहरुलाई तथा संकटासन्न वस्तिहरुलाई अचानक आउने बाढी पहिरोका लागि पूर्व सूचना दिन बढी प्रभावकारी भएको पाइन्छ ।

दैलेख वर्षाले गर्दा अचानक आउने बाढी तथा पहिरोको कारण प्रायजसो धेरै प्रभावित हुने गर्दछ, र जिल्लामा बाढी तथा पहिरो पुर्वानुमान मुख्यतया वर्षाको थ्रेसहोल्डमा आधारित रहेतापनि यस गाँउपालिकामा प्रभावकारी काम हुन सकेको छैन । आगामि दिनमा मौसम पूर्वानुमानको सुचनालई आधारमानि विपद् पूर्वतयारी  गनुपर्ने आवश्यकता रहेको छ र पूर्वसुचना प्रणलिको विकास तथा विस्तार योजनावद्ध किसिमले थाल्नुपर्ने आजको आवश्यकता हो । पूर्वानुमानमा आधारीत रहेर गरिने पूर्वतयारी र प्रारम्भिक कार्य निम्न बामोजिमको तलिकामा पेश गरिएको छ ।

**१० दिनको पूर्वानुमानद्वारा शुरू हुने पूर्वतयारी र प्रारम्भिक कार्य**

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| उच्च | जल तथा मौसम विज्ञान विभाग कार्यालयद्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा क्लस्टर प्रमुख तथा उपप्रमुखहरूलाई जानकारी दिने | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र |
| | संकटासन्न समुदायको  पहुचहुने गरि अन्तरिक सूचना प्रवाह गर्ने, समुदाय विपद् व्यावस्थापन समितिलाई सजग बनाउने । | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र |
| | खाद्यन्न, गैर खाद्य पदार्थ, आश्रय सामग्रीहरु, पानी र औषधि आपत्कालिन भन्डारण गर्ने । | विषयगत क्षेत्र प्रमुखहरु, सहयोगी निकाय |
| | स्वास्थ्य केन्द्रहरु, शिक्षाकेन्द्र, र आश्रयस्थल जस्ता अस्थायी सुविधाका लागि स्थलगत योजना बनाउने । | विषयगत क्षेत्र प्रमुख, सहयोगी निकाय, नेपाल रेडक्रस सोसाइटी |
| | महत्वपूर्ण राहत प्याकेज र प्रारम्भिक प्राथमिकता सहायता पहिचान गर्ने । | स्थानीय विपद् ब्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |
| | सम्बन्धित क्षेत्रमा विपद्को सम्भावना बारे समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरु र कार्यदलहरुलाई सूचित गर्ने । | स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्र,वडा विपद् ब्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |
| | उच्च जोखिम क्षेत्र (नदीको तट नजिक बसोबास गरिरहेका मानिसहरु सबैभन्दा असुरक्षित हुन्) देखि बाढीको कारण विस्थापित हुनसक्ने सम्भावित जनसंख्याको पहिचान गर्ने | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय, गैरखाद्य तथा आवास ब्यवस्थापन विषयगत क्षेत्र |
| उच्च | कृषकहरूलाई तत्कालिन कृषिवालीमा पर्नसक्ने असरवारे सूचित गर्ने र असर न्यूनिकरण वारे सुचित गर्न प्रयास गर्ने । | कृषि तथा खाद्यसुरक्षा विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, कृषक समूहहरु |
| | समुदायको सहज पहुँचको लागि झटपट्ट झोला र अन्य त्यस्तै संचित सामग्री संकटासन्न सामुदायहरुमा तयार गर्ने | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरु, नेपाल रेडक्रस सोसाइटी |
| | आपत्कालिन औषधि, प्राथमिक उपचार किट र स्वास्थ्य किट स्थानीय स्वास्थ्य केन्द्रलाई सहयोग उपलब्ध गर्ने । | गाउँपालिका, स्वास्थ्य खानेपानी, सरसफाई र पोषण विषयगत क्षेत्र, |

| | | |
|---|---|---|
| | | स्वास्थ्य क्षेत्रमा कार्यरत गैससहरु |
| | अस्थायी शिविरकालागि सुरक्षित स्थानहरु पहिचान गर्ने तथा आवश्यक समाग्रिको स्टक राख्ने । | सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय स्वयमसेवकहरु, वडा कार्यालय |
| | तयारी खाद्य पदार्थको प्याकेजिङ्ग र पहिचान गरिएको संकटासन्न समुदाय नजिक भण्डारण गर्ने व्यवस्था नर्गे । | खाद्य तथा कृषि विषयगत क्षेत्र,उद्योग बाणिज्य संघ, पेशागत ब्यवसायिक संघसंस्थाहरु |
| मध्यम | सङ्कटासन्न बस्ती र टोलका  उपयुक्त स्थानमा प्राथमिक उपचार किट र क्लोरिन घोल (पानी निर्मलीकरण) भण्डारको व्यवस्था गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र |
| | आपत्कालिन औषधि मौज्दात राख्ने | स्वास्थ्य तथा पोषण क्लस्टर |
| | सुरक्षित मार्ग, परिवहन वाहन आदिको योजना बनाउने | नेपाल रेडक्रस सोसाइटी क्लस्टर प्रमुखसँग |
| | प्रारम्भिक लेखाजोखा बिवरण फारम तथा घरधुरी मूल्यांकन सर्वेक्षण सामग्रीको मुद्रण कार्य गर्ने | क्लस्टर प्रमुखको समन्वयमा सम्बन्धित सबै लाइन एजेन्सीहरु |
| | सुरक्षित घर र शिविर व्यवस्थापन टोली बनाउने | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी, गौरखाद्य तथा आवास ब्यवस्थापन विषयगत क्षेत्र |
| | प्रभावित हुनसक्ने महिला, बालबालिका, वृद्ध र अपाङ्ग व्यक्तिहरुका लागि आवश्यक व्यवस्था गर्ने | संरक्षण विषयगत क्षेत्र, महिला, बालबालिकाका क्षेत्रमा कार्यरत गैससहरु |
| | आवश्यक परिमाणमा सुख्खा खानेकुरा तथा पिउने पानीको व्यवस्था गर्ने | गाउँपालिका, उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी |
| | स्थानीय विपद पूर्व तयारी तथा प्रतिकार्य टोली र द्रुत प्रतिकार्य टोलीलाई आवश्यक तालिम र अभिमुखीकरण प्रदान गर्ने | विषयगत क्षेत्र प्रमुखहरु, स्थानीय गैससहरु |
| | घरपालुवा जनावरहरु भण्डारणको लागि र जीवन निर्वाह सामग्रीहरुका लागि सुरक्षित स्थानको पहिचान गर्ने | गाउँपालिका, पशुसेवा शाखा, सामुदायिक विपद् व्यवस्थापन समिति |
| न्युन | सम्पूर्ण पूर्व तयारी (साधारण) गतिविधिहरु पहिले नै सम्पन्न भैसकेको सुनिश्चित गर्ने | गाउँपालिका, विषयक्षेत्रगत अगुवा निकाय, संघ संस्थाहरु |

**३ दिनको पूर्वानुमानद्वारा शुरू हुने प्रारम्भिक कार्य र पूर्वतयारी**

| ट्रिगर लेभल | क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| उच्च | जल तथा मौसम विज्ञान विभाग महाशाखाद्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा क्लस्टर प्रमुखहरुलाई जानकारी दिने । | गाउँपालिका, विषयक्षेत्रगत प्रमुखहरु |
| | हरेक क्लस्टरका लागि समन्वय बैठक, स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बोलाउने । | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्रगत प्रमुखहरु |
| | सामुदायिक विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिका बैठक बस्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | सङ्कटासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथा उद्धार टोली, उनीहरुका पहुँच र स्रोतसाधन अनुगमन गर्ने । | गाउँपालिका, सुरक्षा निकाय |
| | स्थानीय  विपद् प्रतिकार्य टोलीको परिचालन, सम्भावित खतरा भएको गाउँहरु, अस्थायी आश्रयस्थल र शिविरहरुमा चिकित्सा टोली परिचालन गर्ने | गाउँपालिका, सुरक्षा निकाय |
| | प्रभावितहुन सक्ने तथा आश्रयस्थल र शिविरहरु निर्माण गर्नुपर्ने स्थानमा १ देखि ३ दिनसम्म पुग्ने पर्याप्त ड्राई फुड स्थानान्तरित गर्ने | गाउँपालिका, वडा कार्यालय, सुरक्षा निकाय |
| | सङ्कटासन्न समुदायलाई प्राथमिक उपचार किट र पानी निर्मलीकरण घोल वितरण गर्ने । | नेपाल रेडक्रस सोसाइटी, विश्व स्वास्थ्य संगठन |

| | | |
|---|---|---|
| | वृद्ध, अपाङ्ग, गर्भवती महिला र आपतमा परेका मानिसहरुका लागि अन्यत्र सार्ने प्रक्रिया शुरु गर्ने | गाउँपालिका, वडा कार्यालय, सुरक्षा निकाय |
| | सङ्कटासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथा उद्धार टोली, उनीहरुका पहुँच र स्रोतसाधन अनुगमन गर्ने | गाउँपालिका विपद् व्यवस्थापन शाखा, सुरक्षा निकाय नगरपालिका, वडा कार्यालयसुरक्षा निकाय |
| | सामान्य पूर्वतयारीका क्रियाकलापहरु सुचारु रुपले कार्यान्वयन भए नभएको अनुगमन गर्नु | गाउँपालिका विपद् व्यवस्थापन शाखा, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | प्रतिकार्य कमान्ड पोस्टको विकास गर्ने, सङ्कटासन्न परिवारसम्म पुग्ने सम्पूर्ण मौजूदा मार्गको पहिचान गर्ने | गाउँपालिका विपद् व्यवस्थापन शाखा, सुरक्षा निकाय |
| | घुम्ती क्लिनिकको स्थापना र परिचालनका लागि सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउने | स्वास्थ्य विषयगत क्षेत्र |
| | समन्वयकारी रणनीतिक प्रतिकार्य योजना तयारीका निम्ति क्लस्टर बैठक गर्ने | गाउँपालिका, विषयगत क्षेत्र प्रमुख,नेपाल रेडक्रस सोसाइटी |
| मध्यम | गर्भवती महिला तथा नर्सिङ आमाहरूलाई स्वस्थ किट वितरण गर्ने | संरक्षण विषययगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, गैससहरु |
| | खाद्य आपूर्ति भण्डारणको निम्ति पानी नछिर्ने झोला वितरण गर्ने | अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु/गैर सरकारी संस्थाहरुको सहयोगमा नेपाल रेडक्रस सोसाइटी |
| | नागरिकता प्रमाणपत्र, राहदानी, जग्गा धनी पुर्जा प्रमाणपत्र, सवारी चालक अनुमति पत्र, शैक्षिक प्रमाण पत्र आदि जस्ता महत्वपूर्ण कागजातहरु राख्नको निम्ति पानी नछिर्ने थैली वितरण गर्ने | गैर सरकारी संस्थाहरुको सहयोगमा नेपाल रेडक्रस सोसाइटी |
| | महत्वपूर्ण कागजातहरुलाई पानी नछिर्ने थैलीमा राख्न र खाद्य पदार्थ लगायत अन्य वस्तुहरु सुरक्षित स्थानमा राख्न सहजीकरण गर्ने | गाउँपालिका, वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | अनुगमन तथा मूल्यांकन टोलीको गठन | गाउँपालिका, वडा कार्यालय,सामुदायिक विपद् व्यवस्थापन समिति |
| निम्न | साधारण पूर्वतयारीमा उल्लेखित सम्पूर्ण गतिविधिहरु र मध्यम स्तर सम्भाव्यताका सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | गाउँपालिका विपद् व्यवस्थापन शाखा |

**१ दिनको पूर्वानुमानको आपत्कालिन पूर्व तयारी**

| ट्रिगर लेभल | क्रियाकलापहरु | जिम्मेवारी |
|---|---|---|
| **उच्च** | जलमापन केन्द्रहरूसँग नियमित सञ्चार गर्ने र जल स्तर एफएम तथा रेडियो स्टेसनहरूलाई अद्यावधिक गराउने | आपत्कालिन कार्य सञ्चालन केन्द्र, गाउँपालिका, वडा कार्यालय, विपद् व्यवस्थापन समिति |
| | खोज तथा उद्दार, क्लस्टर र सूचना तथा संचार क्लस्टरको आपत्कालीन बैठक बस्ने | स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्र, सुरक्षा निकाय |
| | नदीको किनार खतरा क्षेत्रमा बसोबास गरिरहेका तथा जोखिम उच्च भएका सबैभन्दा सङ्कटासन्न जनसमुदायलाई स्थानान्तरण गर्ने | गाउँपालिका, सुरक्षा निकाय |
| | घर पालुवा जनावरहरुलाई सुरक्षित क्षेत्रमा सार्ने | गाउँपालिका, सुरक्षा निकाय |
| | अस्थायी आश्रयस्थल र शिविरहरुमा पिउने पानी, खाद्यन्न, गैर खाद्य सामग्री जस्ता सुबिधाहरु सही तरिकाले प्रबन्ध गरिएको सुनिश्चित गर्ने | गैरसरकारी संस्थाहरुसँगको समन्वयमा क्लस्टर प्रमुखहरू |
| | छोडेर आएका घरहरु, स्थानान्तरित घर पालुवा जनावरहरु र जीवन निर्वाहका सामग्रीहरुको सुरक्षा सुनिश्चित गर्ने | गाउँपालिका, सुरक्षा निकाय |
| | वृद्ध, अपाङ्ग, गर्भवती महिला, स्तनपान गराइरहेका आमाहरु, बालबालिका आदि रहेको स्थानमा आवश्इक | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र स्थानीय गैससहरु |

| | | |
|---|---|---|
| | अत्यनवश्यक सेवाहरु सुनिश्चत गर्ने । | |
| | बाढी तथा पहिरोको उच्च जोखिम स्थानमा भएको वा नदी तटीय क्षेत्रका बिद्यालय बिदा दिने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र |
| **मध्यम** | उल्लेखित सम्पूर्ण गतिविधिहरु सबै तोकिएका निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने । | गाउँपालिका विपद् व्यवस्थापन शाखा |
| | बाढी प्रभावित जनसंख्यालाई गैर खाद्य सामग्री, खाद्यन्न र अन्य राहत सामग्रीहरुको वितरण प्रक्रिया विकास गर्ने । | सहायता संस्थाहरुसँगको समन्वयमा क्लस्टर प्रमुखहरू |
| **न्युन** | सम्पूर्ण गतिविधिहरु मध्यम सम्भावित स्तरका लागि सम्पन्न गरिएको सुनिश्चित गर्ने । | गाउँपालिका |

# परिच्छेद ६: आपतकालीन प्रतिकार्य योजना

भिरालो भूभागहरुमा रहेका बस्ति र खहरे तथा खोलाहरुबाट हुने बाढी, पहिरो जन्य विपद्का कारण यो गाँउपालिका उच्च जोखिममा रहेको छ । विगतमा गरिएका उद्धार र राहतका अनुभवलाई समेत आधार मानेर भविष्यमा पर्न सक्ने विपद्को समयमा प्रभावित व्यक्ति तथा प्रभावित समुदायलाई मानवीय सहयोग उपलब्ध गराउन क्षेत्रगत अवधारणा अनुरूप यस योजनामा कार्य विभाजन गरिएको छ ।

## ६.१ खोज तथा उद्धार, पूर्व सूचना र समन्वय विषयगत क्षेत्र

**क्षेत्रगत अगुवा : गाउँ कार्यपालिका अध्यक्ष**

विपद् प्रतिकार्यका लागि सूचना, समन्वय तथा लेखाजोखा क्षेत्रको महत्वपूर्ण दायित्व रहन्छ । प्रभावित व्यक्ति तथा प्रभावित समुदायलाई एकीकृत रूपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन यस क्षेत्रले अन्य क्षेत्रसँग अविच्छिन्न सम्बन्ध र समन्वयद्वारा कार्य गर्नु पर्छ ।

**विपद्पछिको सम्भावित परिदृश्य**

- बाढी, पहिरो तथा अन्य विपदको उच्च जोखिममा रहेका क्षेत्रमा एकसाथ प्रभाव देखिएमा सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट हुनेछन्,
- उद्धार, सुरक्षा, राहत वितरणजस्ता मानवीय कार्यका लागि आवश्यक सूचना सङ्कलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुने
- घटना राति भएमा ठूलो मानवीय क्षति हुनेछ भने प्रभावितले उद्धार र राहतको याचना गरिरहेको देखिने छ । जस्तै रातको समयमा भूकम्प गएमा व्यापक रुपमा जनधनको क्षति हुनेछ ।

### खोज तथा उद्धार, पूर्व सूचना र समन्वय विषयगत क्षेत्र क्षेत्रगत उद्देश्य

समन्वय, सूचना तथा खोज तथा उद्धार विषयगत क्षेत्रले सङ्कलन, विश्लेषण र प्रवाहका वैकल्पिक उपायहरू पहिचान गरी सम्वन्धित क्षेत्र र सरोकारवालालाई सही सूचना उपलब्ध गराई विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन सुनिश्चितता प्रदान गर्नु यस क्षेत्रको प्रमुख उद्देश्य हुनेछ ।

योजनाका समष्टिगत उद्देश्य देहायअनुसार हुनेछन्

१. विपद्को समयमा सरकार, दातृ निकाय, सबै क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु ।

२. निर्धारित समयभित्र "बहुक्षेत्र द्रुत लेखाजोखा विश्लेषण (Multi Cluster Initial Rapid Assessement- MIRA)" गर्न आवश्यक समन्वय गर्नु र मीरा कार्यदललाई सहयोगको व्यवस्था मिलाउनु ।

३. सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित गर्नु ।

४. नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु ।

५. प्रतिकार्यका सन्दर्भमा आवश्यकताअनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

### आपतकालीन प्रतिकार्ययोजना

विपद् आएको समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विना भेदभाव खोज तथा उद्धार गरि खाद्यान्न उपलब्ध गराउनु यस क्षेत्रको कार्याधिकार हो । यसको लागि यस देहाय अनुसार काम गर्नेछः

| खोज तथा उद्धार, पूर्वसुचना र समन्वय विषयगत क्षेत्र प्रतिकार्य योजना |
|---|

| अवधि | प्रतिकार्यका क्रियाकलाप | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| ० देखि २४ घण्टा | स्थानीय विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बसी हरेक विषगत क्षेत्रहरुलाई तयारी अवस्थामा रहन निर्देशन दिने | गाउँपालिका विपद् व्यवस्थापन समिति | तत्काल |
| | गाउँपालिकाको खोज तथा उद्धार, पूर्व सुचना र समन्वय क्लस्टरलाई सकृय गराउने | गाउँपालिका विपद् व्यवस्थापन समिति | तत्काल |
| | खोज तथा उद्धार, पूर्व सुचना र समन्वय विषयगत क्षेत्रको आकस्मिक बैठक बसी तत्काल खोज उद्धारका लागि श्रोत साधनको प्रभावकारी परिचालन गर्ने र परिचालित हुने | खोज तथा उद्धार,सुचना र समन्वय विषयगत क्षेत्र | तत्काल |
| | विपद्को सुचना प्रवाह गर्न सञ्चार सेवा प्रदायकहरुसँग नियमित रुपले समन्वय गरिरहने | विपद् व्यवस्थापन सम्पर्क व्यक्ति | नियमित |
| | एम्बुलेन्स सेवा, आपतकालिन प्राथमिक उपचार र घाइतेका लागि यातायात व्यवस्था मिलाउने | खोज तथा उद्धार,सुचना र समन्वय विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | जोखिममा रहेका मानिसहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने | खोज तथा उद्धार,सुचना र समन्वय विषयगत क्षेत्र | तत्काल |
| | तत्काल आवश्यक पर्ने राहत सामग्री (खाद्य अस्थायी बास, पानी आदी) उपलब्ध गराउन सहजीकरण गर्ने विशेषगरी अति जोखिममा रहेको समुहलाई केन्द्रीत गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र अगुवा निकाय | तत्काल |
| | घाइतेहरुको प्राथमिक उपचारका लागि स्वास्थ्य, खानेपानी सरसफाई तथा पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने | खोज तथा उद्धार,सुचना र समन्वय विषयगत क्षेत्र | तत्काल |
| | गम्भिर प्रकृतिका घाइतेहरुलाई यथाशिघ्र थप उपचारका लागि सुर्खेत पठाउने | खोज तथा उद्धार,सुचना र समन्वय विषयगत क्षेत्र | तत्काल |
| २४ घण्टादेखि ७ दिन | स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी परिस्थितिको अद्यावधिक गर्ने | गाउँपालिकाविपद् व्यवस्थापन समिति | आवश्यकता अनुसार |
| | विपद् प्रभावितहरुलाई सुरक्षित रुपले पुनस्थापित गर्ने | ठाडीकाँध गाउँपालिकाका ६ वटै वडा कार्यालय | आवश्यकता अनुसार |
| | सरकारी तथा गैर सरकारी तथा मानवीय सहयोगमा समर्पित संघसंस्थाहरुसँग समन्वय गरी राहत प्याकेज खडा गरी आपतकालीन राहत वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | यथाशिघ्र द्रत लेखाजोखाको विवरण सम्वन्धित सरोकारवालाहरुलाई जानकारी दिने । | क्षेत्रगत अगुवा | घटना घटेको २ दिन पछिबाट |
| | स्थानीय सरकारका सम्वन्धित निकाय तथा अन्य सरोकारवालाहरुसंग समन्वय तथा सर्म्पक स्थापित गर्ने | क्षेत्रगत अगुवा | नियमित |
| | विपद प्रभावितहरुको बहुमुल्य सर समानको सूरक्षा गर्ने | सुरक्षा निकाय | स्थति नियन्त्रणमा नआउदा सम्म |
| ७ दिन देखि महिना दिन | वहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा गर्न अन्य सरोकारवालाहरुसंग समन्वय र सहकार्य गर्ने | विषयगत क्षेत्र सबै | घटना घटेको ७ दिनदेखि नियमित १५ दिन |
| | विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अनुरुप प्रतिकार्य भएको एकिन गर्ने गराउने । | गाउँपालिका वि ब्य स | घटना घटेको ३० दिन भित्र |

**प्रतिकार्यका लागि पूर्वतयारी योजना**

खोज तथा उद्धार, पूर्व सुचना र समन्वय विषयगत क्षेत्र आपतकालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि देहायअनुसार पूर्वतयारी गर्नेछः

| खोज तथा उद्धार, पूर्व सुचना र समन्वय विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी योजना | | | |
|---|---|---|---|
| **सि नं** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | खोज तथा उद्धार,सुचना र समन्वय विषयगत क्षेत्रको नियमित बैठक बस्ने | खोज तथा उद्धार सुचना र समन्वय विषयगत क्षेत्र | २०७९ भाद्र १५ भित्र |
| २ | खोज तथा उद्धार सामग्रीहरु जस्तै डोरी, लाइफ ज्याकेट, कोदालो, टयुब, स्थानीय डुङगा, रवर वोट, आरा, त्रिपाल, सावेल, गैती, गल जस्ता सामग्रीहरुको व्यवस्थापन तथा भण्डारण गर्ने | गाउँपालिका र खोज तथा उद्धार सुचना र समन्वय विषयगत क्षेत्र | २०७९ चैत्र मसान्त भित्र |
| ३ | सम्भावित विपद् हुन सक्ने क्षेत्रको पहिचान गर्ने र सर्तक गराउने | वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति | आवश्यकता अनुसार निरन्तर |
| ४ | क्षमता विकास तलिमको ब्यबस्था (खोज उद्धार, प्राथमिक उपचार, शव व्यवस्थापन) का लागि नेपाल रेडक्रस सोसाइटी संग समन्वय गरी प्रत्येक वडाबाट ५ जना लाई २ चरणमा तालिम सञ्चालन गर्ने | गाउँपालिका,वडा कार्यालय नेपाल रेडक्रस सोसाइटी उपशाखा कार्यालय | २०७९ चैत्र मसान्त भित्र |
| ५ | बाढी पूर्व चेतावनी प्रणाली सुदृढीकरण गर्ने | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी | माघ मसान्त भित्र |
| ७ | सूचना सकलनको लागि आवश्यक पर्ने तालिमहरु संचालन गर्ने | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी | मंसीर १५ सम्म |
| ८ | प्रत्येक ३ महिनामा अन्तर निकाय समन्वय छलफलगरी विद्यमान बस्तुस्थितिको विश्लेषण र अद्यावधिक गर्ने | विपद व्यवस्थापन सम्पर्क व्यत्ति | नियमित |
| ९ | विपद् प्रभावितहरुलाई अस्थायी वसोबासको लागि सुरक्षित स्थानको पहिचान गर्ने | वडा कार्यालय,सामुदायिक विपद् व्यवस्थापन समिति | २०७९ मंसीर मसान्त |
| १० | सूचना संकलनका लागि आवश्यक पर्ने नमुना फारमहरु तयारी अवस्थामा राख्ने | विपद व्यवस्थापन सम्पर्क व्यक्ति | नियमित |

**स्वास्थ्य, खानेपानी सरसफाइ तथा पोषण क्षेत्र**

**क्षेत्रगत अगुवा: ठाटीकाँध गाउँपालिका स्वास्थ्य शाखा**

विपद्को समयमा प्रभावित तथा विस्थापित मानिसमा स्वास्थ्य सम्बन्धी धेरै प्रकारका समस्या उत्पन्न हुने सम्भावना रहन्छ । त्यसैगरी विपदमा परेका कतिपय मानिसलाई प्राथमिक उपचारको आवश्यकता पर्छ । त्यसै कारण यस कार्ययोजनाले विपद् प्रभावित समुदायको स्वास्थ्य रक्षाका लागि काम गर्छ ।

**विपद् पछिको सम्भावित परिदृश्य**

- विपद्का कारण मानिसहरु घाइते भएका हुनेछन् ।
- चर्पीहरू क्षतिग्रस्त हुनेछन् र फोहोर सर्वत्र फैलिएको अवस्था हुनेछ ।
- पिउने पानीका मुहान र स्रोतहरू संरचनात्मक क्षतिका कारण प्रदूषित हुनेछन् ।
- सरसफाइको अभावले पानीजन्य सरुवा रोग फैलिएर महामारी जन्य प्रकोप बढेर थप विपद् उत्पन्न हुने सम्भावना प्रबल रहनेछ ।
- विस्थापित परिवारका सदस्यहरुले पानीको अभावका कारण अत्यावश्यक स्वच्छताका लागि कमजोर व्यवहारले गर्दा सरुवारोगहरुको वृद्धिको सम्भावना रहन्छ ।
- स्वास्थ्य सेवा प्रदायक संस्थाहरू क्षतिग्रस्त हुन सक्ने वा विपद् प्रभावितको पहुँचभन्दा बाहिर हुने, औषधि-उपचारका उपकरणहरू तथा औषधिको हानी नोक्सानी हुनेछ ।
- चोटपटक, घाइतेहरू, हैजा, आउँ रगत, एवं महामारीजन्य रोग, गम्भीर स्वास प्रश्वाससम्बन्धी सङ्क्रमण, ज्वरो, आँखा अथवा छालाका सङ्क्रामक रोगहरूमा वृद्धि हुनेछ ।
- खाद्य सामग्रीको तीव्र अभाव तथा प्रदूषित वातावरणको कारणले गर्दा कुपोषण, हैजा तथा झाडापखालाजस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य एवं, सामाजिक सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त खुवाउने कार्यक्रम (supplemertary feeding) मा अवरोध देखा पर्नेछ ।
- विपद्बाट विस्थापित विशेषगरी गर्भवती र सुत्केरी महिला, अशक्त तथा जेष्ठ नागरिक र बिरामीको अवस्था दयनीय हुने सम्भावना हुनेछ ।
- लामखुट्टेजस्ता कीटबाट फैलिने औलो, कालाजार डेङ्गु आदिको सङ्क्रमण बढ्ने र सर्पदंश हुने सम्भावना रहन्छ ।
- विपद्मा परेर वा विभिन्न कारणले घाइते हुनेको सङ्ख्यामा वृद्धि भएको हुनेछ ।

**क्षेत्रगत उद्देश्य**

आपत्कालीन अवस्था उत्पन्न भएको समयमा विशेषगरी अत्याधिक जोखिममा रहेका समूहको स्वास्थ्य तथा पोषणसम्बन्धी आवश्यकता पूरा गर्ने प्रत्याभूति गर्नु, पानी तथा कीटपतङ्गका माध्यमबाट लाग्ने तथा महमारीजन्य रोगबाट बचाउनु यस क्षेत्रको प्रमुख उद्देश्य रहनेछ । यस क्षेत्रका पुरक उद्देश्य देहायअनुसार हुनेछन्

- झाडापखाला, हैजा र पानीजन्य एवं कीटजन्य सरुवारोगहरूको रोकथाम तथा उपचार सुनिश्चित गर्नु,
- रोग फैलिएमा प्रभावकारी रूपमा नियन्त्रण गर्नु,
- आधारभूत स्वास्थ्य सेवामा प्रभावित तथा विस्थापितको पहुँच सुनिश्चित गर्न स्वास्थ्य शिविर सञ्चालन, मानवस्रोत परिचालनजस्ता उपाय अपनाउनु,

- कुपोषणबाट प्रभावित विस्थापित महिला, बालबालिका तथा जेष्ठ नागरिक र विरामीलाई पुरक खानाको व्यवस्था गरी उनीहरूको स्वस्थ जीवनको प्रत्याभूति गर्नु ।

**आपत्कालीन प्रतिकार्य योजना**

विपद्को अवस्थामा जनस्वास्थ्यको रक्षाका लागि स्वास्थ्य तथा पोषण क्षेत्रले देहायका कार्यहरु गर्नेछ ।

| स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्रको प्रतिकार्य योजना | | | | |
|---|---|---|---|---|
| **सि नं** | **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | ० देखि २४ घण्टा | विषयगत शाखाको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | स्वास्थ्य शाखा | घटना घटेको ३ घण्टा भित्र |
| | | जोखिममा रहेका मानिसहरुलाई सुरक्षित स्थानमा ल्याउने | खोज तथा उद्धार कार्यदल | तत्काल |
| | | प्राथमिक उपचार गर्ने र गम्भिर अवस्थाका घाइतेहरुलाई अस्पताल पठाउने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| २ | २४ घण्टादेखि ७ दिन | शुद्ध पिउने पानी र प्रभावितहरुको अवस्था अनुसार पोषणयुक्त खानाको प्रबन्ध गर्ने | गाँउपालिका र स्वास्थ्य शाखा | आवश्यकता अनुसार |
| | | पानी शुद्धिकरणका सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | | क्षतिको विवरण संकलन गर्ने | गाउँपालिका, स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | | अस्थायी शिवीरको व्यवस्था गर्ने | नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य शाखा | घटना घटेको २ दिन पछिबाट |
| | | खानेपानी शुद्धिकरणका विधिहरुको जानकारी दिने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वयम सेविका | घटना घटेको दिनदेखि नियमित ७ दिन सम्म |
| ३ | ७ दिन देखि महिना दिन | मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, गैसस | घटना घटेको दिनदेखि नियमित १५ दिन सम्म |
| | | टोल र बस्तीहरुमा नियमित स्वास्थ्य सेवा प्रवाह गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, महिला स्वयमसेविका, स्थानीय स्वास्थ्य चौकी | घटना घटेको दिनदेखि नियमित १० दिन सम्म |
| | | पुर्नस्थापना केन्द्रहरुमा खानेपानी, सरसफाई, तथा पोषणयुक्त खानाको बारेमा जानकारी | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वयमसेविका | घटना घटेको दिनदेखि नियमित ७ दिन सम्म |
| | | अस्थायी स्वास्थ्य सरसफाई शिवीर सञ्चालनका लागि आवास तथा गैरखाद्य विषयगत क्षेत्रसँग समन्वय गर्ने । | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, महिला स्वयमसेविका, आवास तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित १५ दिन सम्म |

**प्रतिकार्यका लागि पूर्वतयारी योजना**

विपद्को सामना गर्न आपत्कालीन समयमा मानवीय सहयोग उपलब्ध गराउन स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण क्षेत्रले देहायअनुसार पूर्वतयारी गर्नेछः।

| स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्रको प्रतिकार्यका लागि पूर्वतयारी योजना | | | |
|---|---|---|---|
| **सि नं** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | महिला, बालबालिका, जेष्ठ नागरिक र अपांगको तथ्यांक अद्यावधिक गर्ने | महिला तथा बालबालिका शाखा | असोज १५ भित्र |
| २ | स्वास्थ्य उपकरणको व्यवस्थापन र भण्डारण गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण विषयगत क्षेत्र | माघ मसान्त |
| ३ | अत्यावश्यक औषधि तथा विभिन्न कीटहरुको प्रबन्ध गर्ने । | गाउँपालिका स्वास्थ्य शाखा | आवश्यकता अनुसार |
| ४ | पानी शुद्धिकरणका सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने | खानेपानी संस्था महासंघ | भाद्र १५ भित्र |
| ५ | हरेक वडामा कम्तीमा ५ जना युवाहरुलाई क्षमता विकासका प्राथमिक उपचार तालिम दिने | नेपाल रेडक्रस सोसाइटी, | माघ मसान्त भित्र |

**कोभिड १९ मा आधारित प्रतिकार्य योजना**

| सि.नं | प्रतिकार्यका क्रियाकलापहरु | प्रमुख जिम्मेवारी | समयावधि |
|---|---|---|---|
| १ | आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने योजनाहरुको छनौट गरिने | ठाँडीकाँध गाउँपालिका | नियमित |
| २ | संक्रमण जोखिम रहँदा सम्म अशक्त असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठनागरिक एवं अपांगता भएका व्यक्तिहरुका लागि राहातका कार्यक्रम संचालन गरिने | ठाँडीकाँध गाउँपालिका | नियमित |
| ३ | कोभिड १९ संक्रमणको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई नेपाल सरकारले तोके बमोजिम क्यारेन्टाइनमा राख्ने व्यवस्था मिलाई आवश्यकता अनुसार छिमेकी स्थानीय तहसँग समेत समन्वय र सहकार्य गरी आइसोलेसन वार्डको समेत व्यवस्था गरिने | ठाँडीकाँध गाउँपालिका | नियमित |
| ४ | कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यका लागि आवश्यक बजेटको व्यवस्था मिलाईने | ठाँडीकाँध गाउँपालिका | नियमित |
| ५ | एम्बुलेन्स, शव बहान, दमकल जस्ता सेवालाई चौविसै घन्टा संचालन गरी तयारी हालतमा राखी कोभिड १९ का कारण विद्यार्थी, गर्भवती महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्ति तथा मनोसामाजिक परामर्श आवश्यक पर्ने व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराइने | ठाँडीकाँध गाउँपालिका | नियमित |

**संरक्षण विषयगत क्षेत्र**

**क्षेत्रगत अगुवा : ठाटीकाँध गाउँपालिका महिला तथा बालबालिका शाखा**

विपद्बाट प्रभावित तथा विस्थापितको संरक्षणका लागि यस क्षेत्रले विशेष भूमिका निर्वाह गर्नेछ । विशेषगरी जेष्ठ नागरिक, बालबालिका, फरक प्रकारको क्षमता भएका व्यक्ति, महिलाजस्ता बढी प्रभावित हुने वर्गको संरक्षणका लागि यस क्षेत्रले काम गर्नेछ ।

**विपद् पछिको अनुमानित परिदृश्य**

- जोखिमपूर्ण अवस्थाको सामना गरिरहेका महिला, बालबालिका, अपाङ्गता, जेठ नागरिकको सङ्ख्या धेरै हुनेछ ।
- संरक्षण गर्नुपर्ने, घाइते हुन सक्ने, विस्थापित, हराउन, अलपत्र र भेदभावमा पर्न सक्नेछन्।
- महिला, किशोरी तथा बालिकाहरुमा हिँसाका घटनाहरु हुनसक्नेछन् ।

**क्षेत्रगत उद्देश्य**

महिला तथा बालबालिकालगायत जोखिममा परेका समूहलाई हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु यस क्षेत्रको उद्देश्य रहेको छ ।

**संरक्षण विषयगत क्षेत्रको आपत्कालीन प्रतिकार्य योजना**

| अवधि | प्रतिकार्यका क्रियाकलाप | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| ० देखि २४ घण्टा | संरक्षण क्लष्टरको आकस्मिक वैठक वस्ने | महिला तथा बालबालिका शाखा | तत्काल |
| | प्रभावित महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको प्रारम्भिक तथ्यांक संकलन गर्ने | संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | हराइरहेका वालवालिकाहरुको खोज तथा उद्धार क्लष्टरसंग समन्वय गरी खोजी गर्ने | संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | प्रभावित महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको प्राथमिकताका साथ उद्धार गर्न समन्वय गर्ने | खोज तथा उद्धार,सुचना र समन्वय विषयगत क्षेत्रसंरक्षण विषयगत क्षेत्र | तत्काल |
| | प्रभावित महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सुरक्षित स्थानमा राख्ने | संरक्षण विषयगत क्षेत्र आवास तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रभावित महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको तयारी खाना पुगे नपुगेको भेदभाव भए नभएको सुनिश्चित गर्ने | संरक्षण विषयगत क्षेत्र | तत्काल अवाश्यकता अनुसार |
| | एम्बुलेन्स सेवा, आपतकालिन प्राथमिक उपचार र घाइतेका लागि यातायात ब्यवस्था भए नभएको निरीक्षण गर्ने । | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | जोखिममा रहेका महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने । | खोज तथा उद्धार,सुचना र समन्वय विषयगत क्षेत्र संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकहरुलाई तत्काल आवश्यक पर्ने राहत सामग्री उपलब्ध गराउन सहजीकरण गर्ने | संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | घाइतेहरुको प्राथमिक उपचारका लागि स्वास्थ्य,खानेपानी सरसफाई तथा पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने | संरक्षण विषयगत क्षेत्र | तत्काल |

| | | | |
|---|---|---|---|
| २४ घण्टादेखि ७ दिन | संरक्षण विषयगत क्षेत्रको बैठक बसी परिस्थितिको अद्यावधिक गर्ने | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | प्रारम्भिक स्वरपको द्रूत लेखा जोखा गर्ने | संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | सरकारी तथा गैर सरकारी तथा मानवीय सहयोगमा समर्पित संघसंस्थाहरुसँग समन्वय गरी राहत प्याकेज खडा गरी आपतकालीन राहत वितरण गर्ने | संरक्षण विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | अस्थाीय शिविरहरु वालमैत्री, महिला मैत्री र अपांगता मैत्री भए नभएको सुनिश्चित गर्ने | संरक्षण विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | यथाशिघ्र छिटो द्रत लेखाजोखाको विवरण सम्वन्धित सरोकारवालाहरुलाई जानकारी दिने । | संरक्षण विषयगत क्षेत्र | घटना घटेको २ दिन पछिबाट |
| | प्रभावित महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकलाई आवश्यकता अनुसार औषधी, पोषण सामाग्री, खाद्दान्न तथा नगद वितरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | प्रभावित स्थानमा वा शिविर संचालन भएको स्थानमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिलाई निगरानी राख्ने साथै महिलाको विशेष संरक्षणको ब्यवस्था मिलाउन सहजीकरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | प्रभावितहरुको लागि तत्काल आवश्यक पर्ने खाद्यान्न लगायत न्यूनतम मानविय सहायताका सामग्री जुटाउन सहजीकरण गर्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| | विपद प्रभावितहरुको बहुमुल्य सर समानको सूरक्षा गर्ने | संरक्षण विषयगत क्षेत्र | स्थति नियन्त्रणमा नआउदा सम्म |
| | प्रभावित महिला, वालवालिका तथा किशोरकिशोरीहरुलाई हुन सक्ने हिंसा, यौनहिंसा सम्वन्धि निगरानी समुह मार्फत राख्ने | संरक्षण विषयगत क्षेत्र | नियमित |
| ७ दिन देखि महिना दिन | प्रभावित महिला, वालवालिका तथा किशोरकिशोरीहरुलाइ दुरुपयोग र वेचविखन हुन सक्ने पक्षवारे जनचेतना अभिवृध्दि गर्ने | संरक्षण विषयगत क्षेत्र | घटना घटेको ७ दिनदेखि नियमित १५ दिन |
| | हराएका छुट्टिएका वालवालिकाहरु छन् भने आमावावुसंग पुनर्मिलन गराउने | संरक्षण विषयगत क्षेत्र | घटना घटेको ७ दिनदेखि नियमित |
| | मनोसामाजिक समस्या भएका महिला, वालवालिका, अपांगता भएका व्यक्ति रजेष्ठ नागरिकलाई मनोसामाजिक परामर्श दिने | संरक्षण विषयगत क्षेत्र | घटना घटेको ७ दिनदेखि नियमित |
| | स्थानीय क्लव, निगरानी समुह, गाउंपालिका र नेपाल प्रहरीको समन्वयमा निरन्तर बाहिरबाट आउने व्यक्तिहरु मथि निगरानी राख्ने | संरक्षण विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित |

| | | | |
|---|---|---|---|
| | निरन्तर निगरानी, जनचेतना अभिवृध्दि, अनुगमन र मुल्यांकन गरी आवश्यकता अुनसार थप सहयोग गर्ने | संरक्षण विषयगत क्षेत्र | घटना घटेको दिनदेखि नियमित |
| | विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना अनुरुप प्रतिकार्य भएनभएको समीक्षा गरी प्रतिवेदन तयार गर्न विपद् व्यवस्थापन सम्पर्क व्यक्तिलाई जिम्मेवारी दिने । | संरक्षण विषयगत क्षेत्र | घटना घटेको ३० दिन पछि |

**प्रतिकार्यका लागि पूर्वतयारी**

संरक्षण क्षेत्रले आपत्कालीन मानवीय सहयोगका सन्दर्भमा उपलब्ध गराउने संरक्षणसम्बन्धी कार्यका लागि देहायको तयारी गर्नेछ

| **संरक्षण विषयगत क्षेत्रका प्रतिकार्यका लागि पूर्वतयारी योजना** | | | |
|---|---|---|---|
| **सि नं** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | संरक्षण विषयगत क्षेत्रको नियमित बैठक बसी विपद्को अवस्था विश्लेषण गर्ने । | संरक्षण विषयगत क्षेत्र | २०७९ भाद्र १५ भित्र |
| २ | महिला, बालबालिका, किशोर किशोरी तथा अपांगता भएका व्यक्तिहरुको तथ्यांक संकलन गर्ने | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | २०७९ मंसीर मसान्त |
| ३ | विपद् पूर्व महिला, वालवालिका, किशोर किशोरी लाई विपदको समयमा हुन सक्ने जोखिम वारे तालिम दिने | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | २०७९ चैत्र मसान्त |
| ४ | मनोसामाजिक परामर्श दिन सक्ने दक्ष जनशक्ति तयार गर्ने | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार निरन्तर |
| ५ | महिलाहरु माथि हुनसक्ने हिंशााका क्षेत्रहरुको पहिचान गर्ने | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | नियमित |
| ६ | महिलाहरुको लागि अत्यावश्यक स्यानीटरी प्याड लगायत अत्यावश्यक सामाग्री व्यवस्थापन र भण्डारण गर्ने । | गाउँपालिका, संरक्षण विषयगत क्षेत्र | २०७७ मंसीर मसान्त |

**आपतकालिन शिक्षा विषयगत क्षेत्र**

**क्षेत्रगत अगुवा : ठाटीकाँध गाउँपालिका शिक्षा शाखा**

शिक्षा आर्जन गर्न पाउनु नागरिकको नैसर्गिक अधिार हो र विपदबाट उत्पन्न हुने आपत्कालीन समयमा पनि शिक्षा प्राप्त गर्ने शिक्षार्थीको लागि विशेष प्रबन्ध गर्नु राज्यको दायित्व मानिएको छ । अतः स्थानीय विपद् व्यवस्थापन समितिले शिक्षा क्षेत्रको भूमिका तथा दायित्वलाई कार्ययोजनामा समेट्ने कार्य गरेको छ ।

**विपद् पछिको परिदृश्य**

- धेरै विद्यार्थी विस्थापित तथा प्रभावित हुने र प्रभावित तथा विस्थापित विद्यार्थीहरूमा मानसिक तनाव हुने, मनोसामाजिक समस्या हुनसक्ने देखिन्छ, ।
- विद्यार्थी विद्यालय शिक्षाको अवसरबाट बञ्चित हुने, पाठ्यपुस्तक र स्टेशनरी आदि नष्ट हुने भएकाले शिक्षा आर्जनको माध्यम अबरुद्ध हुनेछ,
- विद्यालय नष्ट हुने र शिक्षक र विद्यार्थीको मृत्यु हुन सक्ने सम्भावना रहनेछ ।
- विपद्मा अभिभावक गुमाएका बालबालिकाहरुले विद्यालय छोड्ने दर एक्कासी बृद्धि हुन सक्छ ।

**शिक्षा विषयगत क्षेत्रगत उद्देश्य**

विपद् प्रभावित तथा विस्थापित विद्यार्थी र अस्थायी आवासको रूपमा उपयोग भएका विद्यालयमा अध्ययनरत विद्यार्थीको नियमित अध्ययन वा पठनपाठन गर्न पाउने अधिकारको प्रत्याभूति गर्दै आपत्कालीन समयको लागि शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउनु तथा आवश्यक सहयोग उपलब्ध गराउनु यस क्षेत्रको उद्देश्य हुनेछ ।

**आपतकालीन प्रतिकार्य योजना**

विपद्को समयमा आपत्कालीन शिक्षा कार्यदलले देहायअनुसार आपत्कालीन कार्य गर्ने निर्धारण गरिएको छः

| **प्रतिकार्य योजना शिक्षा विषयगत क्षेत्र** | | | |
|---|---|---|---|
| **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | शिक्षा विषयगत शाखाको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | गाउँपालिका शिक्षा क्षेत्र | तत्काल |
| | विव्यस र शैक्षिक सरोकारवालासँग समन्वय गर्ने । | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | तत्काल |
| | प्रभावितहरुको शिघ्र उद्धार कार्यमा खोज तथा उद्धार, सुचना र समन्वय विषयक्षेत्रलाई सहयोग गर्ने । | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | तत्काल |
| | जोखिममा रहेका मानिसहरुलाई सुरक्षित स्थानमा ल्याउन खोज उद्धार ,सुचना र समन्वय कार्यदललाई सहयोग गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | तत्काल |
| | स्थानीय विपद् ब्यवस्थापन समितिले खटाएको ठाउँमा सदस्यहरु परिचालन गर्ने । | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | तत्काल |
| | सामान्य घाइतेहरुको प्राथमिक उपचार र गम्भिर अवस्थाका घाइतेहरुलाई अस्पताल पठाउन सहयोग गर्ने । | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | तत्काल |
| | शिक्षा क्षेत्रमा भएको क्षतिको प्रारम्भिक तथ्यांक संकलन गर्ने र प्रभावित शिक्षक विद्यार्थीहरुको तथ्यांक संकलन गरी अभिलेख तयार गर्ने । | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | घटना घटेको १ दिन पछिबाट |

| | | | |
|---|---|---|---|
| २४ घण्टादेखि ७ दिन | पूर्णरुपमा नष्ट भएका विद्यालय भवन को अभिलेख तयार गर्ने । | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | घटना घटेको २ दिन पछिबाट |
| | अस्थाई सिकाई केन्द्र निर्माणका लागि श्रोत साधनको परिचालन गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | ७ दिन भित्र |
| | शिक्षकहरुका लागि आपतकालीन शिक्षा सम्बन्धी अभिमुखीकरण कार्यशालाा सञ्चालन गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | घटना घटेको ७ दिन पछिबाट |
| | बालवालिकाहरु लाई विधालयमा फर्किन अभिभावकहरुसंग समुदायमा छलफल गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | घटना घटेको दिनदेखि नियमित ७ दिन सम्म |
| | पेशागत संघ संगठनका प्रतिनिधिहरुसँग विद्यालय सञ्चालनका लागि अन्तरक्रिया गर्ने । | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | घटना घटेको दिनदेखि नियमित ७ दिन सम्म |
| | विपद् प्रभावित विद्यार्थीहरुको आस्था र आवश्यकता अनुसार विद्यालय पोषाक, पाठ्यपुस्तक र स्टेशनरीका सामग्रीहरु वितरण गर्न विभिन्न सरोकारवा निकायसँग समन्वय गर्ने । | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | घटना घटेको दिनदेखि नियमित ७ दिन सम्म |
| | विद्यालयमा डेस्क वेन्च, शौचालय, खानेपानीको अस्थायी व्यवस्था मिलाउने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | विद्यालय खोल्नु भन्दा १ हप्ता पहिले |
| | विधालयमा जाने आउने बाटोहरु विग्रेको छ भने मर्मत गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | विद्यालय खोल्नु भन्दा १ हप्ता पहिले |
| | गम्भिर प्रकृतिको अवस्था बाहेक विपद्को १० दिनबाट विद्यालय सञ्चालन गर्न आवहान गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | घटना घटेको दिनदेखि नियमित ७ दिन सम्म |

**प्रतिकार्यका लागि पूर्वतयारी**

आपतकालीन शिक्षा क्षेत्रले आपत्कालीन प्रतिकार्य योजनाको कार्यान्वयनको लागि समितिसँग समन्वय गरी देहायअनुसार पूर्वतयारी गर्नेछः

| **प्रतिकार्यका लागि पूर्वतयारी योजना शिक्षा विषयगत क्षेत्र** | | | |
|---|---|---|---|
| **सि.नं** | **पूर्वतयारी कृयाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | राष्ट्रिय भवन संहिता र मापदण्ड अनुसार विद्यालय भौतिक संरचना निर्माण गर्न सहजीकरण गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | नियमित |
| २ | सुरक्षित र कम जोखिमयुक्त स्थानमा विद्यालय भवन निर्माण गर्न सहजीकरण गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | नियमित |
| ३ | गाउँपालिकाका हरेक विद्यालयमा विद्यालय विपद् व्यवस्थापन समिति निर्माण गर्न सहजीकरण गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | २०८० बैषाख |
| ४ | हरेक विद्यालयमा विद्यालय विपद् व्यवस्थापन सम्पर्क व्यक्ति तोक्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | २०७९ मंसिर मसान्त भित्र |
| ५ | संकटासन्न विद्यालयहरुको लगत संकलन गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | २०७९ माद्र मसान्त भित्र |
| ६ | अस्थायी सिकाई केन्द्र निर्माणका लागि सुरक्षित स्थानको पहिचान र सुचिकरण गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | २०७९ मंसिर मसान्त भित्र |
| ७ | हरेक विद्यालयमा प्राथमिक उपचार कक्ष व्यवस्थापन गरी | गाउँपालिका शिक्षा | २०७९ माघ |

| | | | |
|---|---|---|---|
| | प्राथमिक उपचार सामग्रीको ब्यवस्थापनका लागि स्वास्थ्य, खानेपानी सरसफाई र पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने | विषयगत क्षेत्र | |
| ८ | हरेक विद्यालयको गैरसंरचनात्मक जोखिम अल्पिकरण गर्न विब्यससँग समन्वय गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | २०७९ मंसिर |
| ९ | अस्थाई सिकाईकेन्द्र निर्माणका लागि आवश्यक त्रिपाल, जस्तापाताहरुको ब्यवस्थापन र भण्डारण गर्ने | गाउँपालिका शिक्षा विषयगत क्षेत्र | २०८० बैषाख मसान्त |

**आवास तथा गैरखाद्य विषयगत क्षेत्र**

**क्षेत्रगत अगुवा: ठाटीकाँध गाउँपालिका उपाध्यक्ष**

विपद्को समयमा उपलब्ध हुनु पर्ने मानवीय सहयोगको लागी आवास तथा गैरखाद्य विषयगत क्षेत्रले विपद् प्रभावित व्यक्तिहरुलाई न्यूनतम मापदण्डअनुसारको आवास लगायतका आधारभूत सेवा उपलब्ध गराउन सहयोग परिचालन गर्नु पर्छ र यसमा सिमान्तकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको दायित्व हुनेछ ।

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपत्कालीन आश्रयस्थलमा राख्नु पर्ने हुन्छ । यसको लागि अस्थायी रूपमा विद्यालय, मन्दिर, स्थानीय तहका भवनजस्ता सार्वजनिक स्थलमा राख्नु पर्ने हुन्छ भने केही लामो समयको लागि राख्नुपर्ने भएमा अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ।त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओड्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने वर्तन र इन्धनको व्यवस्था गर्नु पर्ने हुन्छ।आवास तथा गैरखाद्य क्षेत्रले विस्थापितको लागि उल्लेखित मानवीय सेवा उपलब्ध गराउँछ ।

**विपद् पछिको सम्भावित परिदृश्य**

- विपद्बाट सङ्कटासन्न वडाका अधिकांश गाउँ संकटमा हुनेछन् ।
- मानिसहरू हताहत भएर आफ्नो ज्यान जोगाउन भागाभाग गर्नेछन् ।
- आफ्नो परिवारका सदस्यहरू तथा बालबच्चा खोज्दै, रुँदै कराउँदै खाली हात विस्थापित हुनेछन् ।
- विपद् भएको केही समयपछि उद्धारकर्मीहरू पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको अवस्था देखिनेछ ।
- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति तथा परिवारहरूको आफूले लगाएको कपडाबाहेक साथमा केही नभएको र अति भोकाएको, थाकेको, परिवारका सबै सदस्य आफ्नै शिबिरमा नभएकोले चिन्तित देखिएको अवस्था हुनसक्ने छ ।
- खाद्यान्न पूरै नष्ट हुने सम्भावना भएकोले पूरै जनसङ्ख्या खाद्यान्न अभावको चपेटामा पर्नेछ ।
- विशेषगरी बालबालिका,  वृद्ध र बिरामी तथा गर्भवती महिलाहरु अरु बढी समस्यामा पर्नेछन् ।
- जीविकोपार्जनका वैकल्पिक उपायको अभाव हुनेछ ।
- बाढीबाट अधिकांश गाउँ प्रताडित भएर मानिस हताहत भई सहयोगको याचना गरिरहेका हुनेछन् ।
- घरबार नष्ट भएर झरी, हिलो र चीसो जमिनमा दिन रात बिताउन बाध्य भइरहेको देखिनेछ ।
- विद्यालयका कक्षाकोठा, प्रहरी चौकी, स्वास्थ्य केन्द्रहरूजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबाबको सिर्जना, सामुदायिक तथा संस्थागत स्थानहरूमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्यसम्बन्धी व्यवहारमा चुनौती र समस्या देखा पर्नेछन् ।
- बाढीले घर, धनमाल र खाद्यान्नसमेत बगाएर विस्थापित भएका मानिस खाद्यान्नको चर्को समस्यामा पर्नेछन् ।

**क्षेत्रगत उद्देश्य**

आवास तथा गैरखाद्य विषयगत क्षेत्रको प्रमुख उद्देश्य विपदबाट प्रभावित मानिसलाई जीवनयापनको लागि आवश्यक पर्ने आवास, खाद्यसामग्री, लताकपडा उपलब्ध गराएर उनीहरूको जीवन रक्षा गर्नु हुनेछ ।यस क्षेत्रका अन्य उद्देश्य देहायअनुसार रहेका छन् :–

- विपदमा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न सहयोग उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गराउनु,
- सुत्केरी, आमाको दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाजस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने सुनिश्चितता गर्नु ।
- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,
- विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानवअधिकारको उपभोग गर्न सक्षम बनाउनु,
- घरायसी आवश्यकताका भाँडाकुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीहरूमा विस्थापितको समानुपातिक पहुँच गराउनु ।

**आपतकालीन प्रतिकार्य योजना**

विपद्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव आवास तथा गैरखाद्य सामग्री उपलब्ध गराउनु यस क्षेत्रको कार्याधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः ।

| आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | | | |
|---|---|---|---|
| **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | गैर खाद्य र आवास क्लष्टरको आकस्मिक वैठक वोलाउने र घटनाको अवस्था विश्लेषण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | तत्काल शिविरको व्यवस्थाको चांजोपांजो मिलाउने | सुरक्षा निकाय आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | पुर्नस्थापितहरुको वर्गिकरण गरी पुर्नस्थापना केन्द्रमा पठाउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | अपांगता भएका व्यक्तिहरुकालागि ह्विल चेयरहरु वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | अवाश्यकता अनुसार नियमित |
| | प्रभावितलाई न्यानो कपडा, महिलाको लागि आन्तरिक कपडा, स्यानीटरी प्याडको व्यवस्था गर्ने, वालवालिकाको लागि आवश्यकता अनुसारसा सामाग्री वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| २४ घण्टादेखि ७ दिन | क्षतिको सुचना तथा तथ्यांक संकलन तथा विश्लेषण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रारम्भिक स्वरपको द्रूत लेखा जोखाको प्रतिवेदन अध्ययन गर्ने र सो अनरुप आगामी नयाँ कार्यक्रम सहित निर्णय लिने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | थप प्रभावितहरुलाई अस्थाई आश्रय केन्द्रहरुमा पठाउने कार्यलाई निरन्तरता दिने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | आश्रयस्थलमा शौचालय, खानेपानी, औषधि उपचारको व्यवस्थापनका लागि स्वास्थ्य,खानेपानी सरसफाई र पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | आश्रयस्थलमा खाद्यान्न आपुर्तिको लागि खाद्य तथा कृषि विषयगत क्षेत्रसँग सहकार्य गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको दिन बाट |

| | | | |
|---|---|---|---|
| | अपांगता भएका, एकल महिला र पुरुषको अलग र विशेष प्रकारको आश्रयस्थलको प्रबन्ध मिलाउने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| ७ दिन देखि महिना दिन | आवश्यकता अनुसार डिग्नीटी किट, वेवी किटहरु वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुदासम्म नियमित |
| | खाद्य तथा आवासको अनुगमन गरी आवश्यकता अनुसार थप सामाग्रीहरु उपलब्ध गराउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ७ दिनदेखि १५ दिन को वीच |
| | आवश्यकता अनुसार प्रभावितहरुलाई घर फर्किने वातावरण तयार गरी घर फर्काउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटनाको ७ दिनदेखि १५ दिन भित्र |
| | व्यवस्थित बस्ती विकास गर्न प्राविधिक अध्ययनका लागि सिफारिस गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | १ महिना पछि |
| | भैातिक संरचना पुनर्निर्माणमा आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता महासंघलाई सिफारिस गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटनाको ७ दिन पछि |

### ५.५.४ प्रतिकार्यका लागि पूर्वतयारी

आपतकालीन आवास तथा गैरखाद्य विषय क्षेत्रले आपतकालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि देहायअनुसार पूर्वतयारी गर्नेछः

| **आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र** | | | | | |
|---|---|---|---|---|---|
| **सि नं** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधि** | |
| १ | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्रको नियमित बैठक बसी आपतकालीन आश्रय तथा गैरखाद्य सामग्री उपलब्धताका क्षेत्रहरुको पहिचान गर्ने । | गाउँपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | हरेक महिनाको १० गते | |
| २ | विषयगत क्षेत्रका निकायहरुवीच जिम्मेवारी बाँढफाँड गर्ने । | गाउँपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | २०७९कात्तिक २० गते भित्र | |
| ३ | सुरक्षित आवासस्थलको पहिचान र सुचिकरण गरी राख्ने | गाउँपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | २०७९ पौष मसान्त | |
| ४ | सेफ सेल्टर निर्माण गर्नकोलागि आवश्यक पर्ने दक्ष जनशक्ति र आवश्यक सामाग्रीहरु त्रिपाल, किला, कांटी, डोरी, तयारी अवस्थामा राख्ने | गाउँपालिका | स्थानीय राजनीतिक दलहरु, स्थानयि स्वयमसेवकहरु | निरन्तर | |
| ५ | लत्ताकपडा, ज्याकेट, टर्च, ग्यांस चुलो, भांडावर्तन, झुल, प्लाष्टिक, कम्वल, ओढने ओछयाउने खरिद गरी भण्डार गरी राख्ने करीव २०० घर परिवारलाई | गाउँपालिका | गाउँपालिका,उद्योग बाणिज्य संघ | निरन्तर | |
| ६ | अपांगता भएका व्यक्तिहरुकोलागि ह्वील चेयर, चस्मा, लौरो जस्ता सामाग्रीहरु भण्डार गरी राख्ने | गाउँपालिका | गाउँपालिका,उद्योग बाणिज्य संघ | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | डिग्नीटी किट, वेवी किटहरु संकलन गरी भण्डार गरी राख्ने | गाउँपालिका | ठाटीकाँध गाउँपालिका महिला तथा बालबालिका शाखा, आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | निरन्तर | |

**खाद्य तथा कृषि विषयगत क्षेत्र**

**विपदको सम्भावित परिदृष्य्** : विपद्को सम्भावित मानवीय असर प्रभावित परिवारको खाद्य आपूर्तिमा कमी, खाद्यान्नप्रतिको घट्दो पहुँच, विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रमजस्ता अन्य खाद्यान्न सम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा गम्भीर खाद्य असुरक्षा हुन सक्छ भने कृषि बालीमा व्यापक क्षति, जीविकोपार्जनमा क्षति, बालीनालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीतिमा बाधाका कारणहरूले गर्दा मध्यम अवधिको खाद्य असुरक्षा बढ्न सक्नेछ ।

**क्षेत्रगत उद्देश्य** : .

- प्रभावित व्यक्तिहरूका लागि समयमा नै खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने ।
- प्रभावितहरुको खाद्यसुरक्षाका लागि अन्तरनिकाय समन्वय छलफल गर्ने,
- आपतकालीन अवस्थामा प्रभावितहरुको लागि यथाशिघ्र खाद्यान्न उपलब्ध गराउन
- जीवनरक्षा सम्बन्धी रणनीतिहरूका लागि आवश्यकताको पूर्ति गर्नका निमित्त तयारी खाना उपलब्ध गराउने
- दीर्घकालीन रुपमा पारीवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दीर्घकालीन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, सकारात्मक प्रभाव निर्माण गर्ने । .
- पारीवारिक स्रोतहहरूलाई पुनर्लाभ (Recovery) तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा अम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गर्ने अवसर प्रदान गर्ने ।

**आपतकालीन प्रतिकार्य योजना**

विपद्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्य सामग्री उपलब्ध गराउनु यस क्षेत्रको कार्यधिकार हो . यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः ।

| **खाद्य तथा कृषि विषयगत क्षेत्रको आपतकालीन प्रतिकार्य योजना** | | | |
|---|---|---|---|
| **ऋवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | खाद्य तथा कृषि क्लष्टरको आकस्मिक वैठक बसी घटनाको परिवेशबारेमा छलफल गर्ने । | ठाटीकाँध गाउँपालिका कृषि विकास शाखा | तत्काल |
| | खाद्य तथा कृषि विषयगत क्षेत्रको अगुवाईमा सुचना संकलन तथा सहयोगा डेस्क स्थापना गर्ने | गाउँपालिका कृषि विकास शाखा | तत्काल |
| | विपद्बाट प्रभावितहरुकोलागि तत्कालकोलागि चाउचाउ, विस्कुट, चिउरा, दालमोठवितरण गर्ने | स्थानीय सरकार, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | महिला, वालवालिका र जेष्ठ नागरिकको लागि विस्कुट, लिटो, दुध वितरण गर्ने | स्थानीय सरकार, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | खाद्य सामाग्रीहरु वितरण गर्दा मिति नसकिएको, राम्ररी प्याक गरिएको र हावा नछिरेको यकिन गरी सामाग्रीहरु वितरण गर्ने | स्थानीय सरकार, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रभावित महिला, वालवालिका, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको लागि पोषणयुक्त | कृषि तथा खाद्य विषयगत क्षेत्र | अवाश्यकता अनुसार |

| | | | |
|---|---|---|---|
| | खाना पुगे नपुगेको सुनिश्चित गर्ने | | नियमित |
| | कृषि तथा खाद्य विषयगत क्षेत्रको राहत वितरण एकद्वार नीति अवलम्बन गर्न सबैलाई सचेत गराउने । | ठाटीकाँध गाउँपालिका, खाद्य तथा कृषि विषयगत क्षेत्र | नियमित |
| | विपद्ग्रस्त क्षेत्रमा अस्थाई राहत भण्डारण केन्द्र स्थापना गरी राहत उपलब्धतामा सर्वसुलभता कायम गर्ने । | ठाटीकाँध गाउँपालिका, कृषि विकास शाखा | स्थिति सहज नहुदासम्म |
| | गर्भवती,सुत्केरी, १ वषभित्रका शिशु, र ७५ वर्षभन्दा माथिल्लो उमेर समुहका जेष्ठ नागरिकहरुको तथ्यांक संकलन गरी उनीहरुको लागि छुट्टै खानाको व्यवस्थापन र वितरण गर्ने । | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुदासम्म निरन्तर |
| २४ घण्टादेखि ७ दिन | क्षतिको सुचना तथा तथ्यांक संकलन तथा विश्लेषण गर्ने | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रारम्भिक स्वरपको द्रूत लेखा जोखा गर्ने (Initial Rapid Need Assessment-IRNA) | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | कृषि तथा पशुधनको क्षति मुल्यांकन गरी मृत पशु व्यवस्थापनका लागि पशुशाखा संग अनुरोध गर्नै । | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | खाद्यान्न सहयोग आवहान गरी क्षतिको अवस्था हेरी राहत वितरणका लागि गाउँपालिकालाई सिफारिस गर्ने | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | वितरण कार्य व्यवस्थित गर्न स्वयंसेवकहरुलाई परिचालन गर्ने | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | आवश्यकता अनुसार खाद्य सामाग्री लगायत उपलब्ध गराउने | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | वीउ सुरक्षाका लागि विभिन्न सञ्चारका साधन मार्फत सुचना, जारी गरिरहने | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| ७ दिन देखि महिना दिन | कृषि बीउविजन तथा पशुजन्य सहयोग गरी कृषि उत्पादन पुर्नस्थापना गर्न सहयोग गर्ने । | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुदासम्म नियमित |
| | विपद्‌बाट प्रभावितहरुको विस्तृत तथ्यांक संकलन गर्ने | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | ७ दिनदेखि १५ दिन को वीच |
| | राहत प्रदान गर्ने निकायहरुसंग समन्वय गर्ने | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | खाद्यान तथा विशेष अवस्थाका प्रभावितहरुलाई आवश्यकता अनुसार वैंकमार्फत नगद हस्तान्तरण गर्ने | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | घटना घटेको ७ दिन देखि नियमित |
| | आवश्यकता अनुसार थप खाद्यान्नको व्यवस्था गर्ने | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | घटना घटेको दिन देखि नियमित |
| | अनुगमन गर्ने र थप सुधारका कार्यहरु गर्ने | ठाटीकाँध गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |

**खाद्य तथा कृषि विषयगत क्षेत्रप्रतिकार्यका लागि पूर्वतयारी**

विपद्पूर्वको समयमा सम्भावित विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्य सामग्री उपलब्ध गराउनु तथा बीउविजनको पुर्वतयारी गर्नु यस क्षेत्रको कार्यधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछ: ।

| खाद्य तथा कृषि विषयगत क्षेत्र प्रतिकार्यका लागि पूर्वतयारी | | | |
|---|---|---|---|
| **सि नं** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | खाद्य तथा कृषि विषयगत क्षेत्रको नियमित बैठक बसी विपद्को सम्भावित अवस्था विश्लेषण गर्ने । | खाद्य तथा कृषि विषयगत क्षेत्र | २०७९ साउन १५ भित्र |
| २ | सम्भावित जोखिममा रहेका समुदायहरुको लगत तयार गर्ने । | ठाँडीकाँध गाउँपालिका का ६ वटै वडा कार्यालय | २०७९ पौष मसान्त भित्र |
| ३ | तरकारी तथा खाद्यान्न बालीको बीउ भण्डारण सुनिश्चित गर्ने । | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | आवश्यकता अनुसार निरन्तर |
| ४ | समयमै मलखाद्य तथा बिसादीको उपलब्धताको लागि सरोकारवालाहरुसँग समन्वय गर्ने । | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | निरन्तर |
| ५ | ठाँडीकाँध गाउँपालिकामा अवस्थित जोखिमपूर्ण सिंचाई योजनाहरुको लगत लिई निर्माणका लागि पहल गर्ने । | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | २०७९ फागुन मसान्त भित्र |
| ६ | ठाँडीकाँध गाउँपालिका का ६० जना कृषकहरुलाई चार चरणमा सम्पन्न गर्ने गरी बीउ उत्पादन तथा सुरक्षित बीउ खाद्यान्न भण्डारण तालिम | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र, जिल्ला कृषि ज्ञान केन्द्र | नियमित |
| ७ | खाद्यान्न तथा वीउविजनको अस्थाई भण्डारणको लागि सुपरग्रीन ब्यागको ब्यवस्था गर्ने | गाउँपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | २०७९ चैत्र |

**राहत, पुर्नस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र**

**क्षेत्रगत अगुवा : ठाटीकाँध गाउँपालिका उपाध्यक्ष**

राहत,पुर्नस्थापना तथा पुननिर्माण विषयगत क्षेत्रले विपद् प्रभावित व्यक्तिहरुलाई न्यूनतम मापदण्डअनुसारको आवास लगायतका आधारभूत सेवा उपलब्ध गराउन सहयोग परिचालन गर्नु पर्छ र यसमा सिमान्तकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको प्रमुख भूमिका रहन्छ ।

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपत्कालीन आश्रयस्थलमा राख्नु पर्ने हुन्छ।यसको लागि अस्थायी रूपमा विद्यालय, मन्दिर, स्थानीय तहका भवनजस्ता सार्वजनिक स्थलमा राख्नु पर्ने हुन्छ भने केही लामो समयको लागि राख्नुपर्ने भएमा अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ।त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओड्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने वर्तन र इन्धनको व्यवस्थापनका लागि सम्बन्धित क्षेत्रगत निकाय सँग समन्वय गर्नु पर्ने हुन्छ। यस विषयगत क्षेत्रको भूमिका बिग्रेभत्केका भौतिक संरचनाहरुको मर्मत सम्भारदेखि नयाँ निर्माण सम्म रहन्छ । प्रभावितहरुको जीविकोपार्जनको पुर्नस्थापनादेखि लिएर विपदमा हराएका नष्ट भएका दस्तावेजहरुको पुर्ननिर्माणसम्मका गतिविधिहरुमा यस विषयगत क्षेत्रले सहजीकरण गर्नेछ ।

**विपद् पछिको सम्भावित परिदृश्य**

- विपद्बाट अधिकांश मानिसहरु संकटमा हुनेछन् ।
- मानिसहरू हताहत भएर आफ्नो ज्यान जोगाउन भागाभाग गर्नेछन् ।
- प्रभावितहरुकोगाँस बासको अवस्था टुटेको हुनेछ।
- विपद् भएको केही समयपछि उद्धारकर्मीहरू पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको अवस्थामा पुर्नथापनाकोअभावले छटपटिइ रहनेछन ।
- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति तथा परिवारहरूको आफूले लगाएको कपडाबाहेक साथमा केही नभएको र अति भोकाएको, थाकेको, परिवारका सबै सदस्य आफ्नै शिबिरमा नभएकोले चिन्तित देखिएको अवस्था हुनसक्ने छ ।
- विशेषगरी बालबालिका, वृद्ध र बिरामी तथा गर्भवती महिलाहरु अरु बढी समस्यामा पर्नेछन् ।
- जीविकोपार्जनका वैकल्पिक उपायको अभाव हुनेछ ।
- विपदका कारण अधिकांश गाउँ प्रताडित भएर मानिस हताहत भई सहयोगको याचना गरिरहेका हुनेछन् ।
- घरबार नष्ट भएर झरी, हिलो र चीसो जमिनमा दिन रात बिताउन बाध्य भइरहेको देखिनेछ ।
- विद्यालयका कक्षाकोठा, प्रहरी चौकी, स्वास्थ्य केन्द्रहरूजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबाबको सिर्जना, सामुदायिक तथा संस्थागत स्थानहरूमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्यसम्बन्धी व्यवहारमा चुनौती र समस्या देखा पर्नेछन् ।
- विपद्का कारण घर, धनमाल र खाद्यान्न विहीन हुँदा विस्थापित भएका मानिस राहतको पर्खाईमा भोकै बस्न बाध्य हुनेछन ।
- नागरिकता, लालपुर्जा जस्ता दस्तावेजहरु ल्ष्ट भई राहत र बैंक ऋण लिन चाहनेहरु अस्तब्यस्त हुनेछन् ।

**क्षेत्रगत उद्देश्य**

राहत,पुर्नस्थापना तथा पुननिर्माण विषयगत क्षेत्रको प्रमुख उद्देश्य विपदबाट प्रभावित मानिसलाई जीवनयापनको लागि आवश्यक पर्ने आवास, खाद्यसामग्री, लताकपडा उपलब्ध गराएर उनीहरूको जीवन रक्षा गर्नु हो ।यस क्षेत्रका अन्य उद्देश्य देहायअनुसार रहेका छन्

- विपदमा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई राहत सहयोग उपलब्ध गराउनु तथा राहत,पुर्नस्थापना र पुर्ननिर्माणमा सबैको समानुपातिक पहुँच कायम गराउनु,
- सुत्केरी, आमाको दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिलाजस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई विशेष स्थानमा पुर्नस्थापित गर्नु ।
- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,
- विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानवअधिकारको उपभोग गर्न सक्षम बनाउनु,
- घरायसी आवश्यकताका भाँडाकुँडा तथा व्यक्तिगत सम्मान र मर्यादासहित दैनिक जीवनयापनका लागि आवश्यक सामग्रीहरूमा विस्थापितको समानुपातिक पहुँच पुगे नपुगेको अनुगमन गर्नु ।

**आपतकालीन प्रतिकार्य योजना**

विपद्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव राहत सामग्री उपलब्ध गराउनु यस क्षेत्रको कार्याधिकार हो । यसको लागि यस क्षेत्रले देहायअनुसार काम गर्नेछः ।

| राहत,पुर्नस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र,आपतकालीन प्रतिकार्य योजना | | | |
|---|---|---|---|
| **अवधि** | **प्रतिकार्यका क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| ० देखि २४ घण्टा | राहत, पुर्वस्थापना तथा पुननिर्माण विषयगत क्षेत्रको आकस्मिक वैठक बसी घटनाको परिस्थिति बारेमा छलफल गर्ने | ठाँडीकाँध गाउँपालिका राहत पुर्नस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र | तत्काल |
| | पुर्नस्थापना केन्द्रहरुको अवस्थाको अनुगमन गर्ने | वडा कार्यालयहरु | तत्काल |
| | पुर्नस्थापितहरुको वर्गिकरण गरी पुर्नस्थापना केन्द्रमा पठाउने | वडा कार्यालयहरु | तत्काल |
| | पुर्नस्थापना केन्द्रहरुमा खाद्य तथा गैरखाद्य सामग्री वितरणका लागि सम्बन्धित विषयगत क्षेत्र सँग समन्वय गर्ने | राहत, पुर्वस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र | नियमित, स्थिति साम्य नहुञ्जेल |
| | पुर्नस्थापना केन्द्रहरुमा लत्ता कपडा,भाँडावर्तन,कम्बल म्याट जस्ता सामग्रीहरु वितरण गर्ने | गाउँपालिका, उद्योग बाणिज्य संघ | तत्काल |
| | पुर्नस्थापना केन्द्रहरुमा स्वास्थ्य शिवीर सञ्चालनका लागि सम्बन्धित विषयगत क्षेत्रसँग समन्वय र सहकार्य गर्ने | गाउँपालिका राहत, पुर्वस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र, स्यास्थ्य शाखा | नियमित |
| | पुर्नस्थापना केन्द्रहरुमा खानेपानी तथा सरसफाई शिवीर सञ्चालनका लागि सम्बन्धित विषयगत क्षेत्रसँग समन्वय र सहकार्य गर्ने | गाउँपालिका राहत, पुर्वस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र, स्यास्थ्य शाखा | स्थिति सहज नहुदासम्म |
| | पुर्नस्थापना केन्द्रहरु सुरक्षित रहेको सुनिश्चितताका लागि हरेक दिन अनुगमन र निरीक्षण गर्ने | ठाँडीकाँध गाउँपालिका | स्थिति सहज नहुदासम्म निरन्तर |
| २४ घण्टादेखि ७ दिन | प्रारम्भिक स्वरुपको द्रूत लेखा जोखा सुचना तथा तथ्यांक संकलन तथा विश्लेषण गर्ने | राहत, पुर्वस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र | नियमित |
| | प्रारम्भिक स्वरुपको द्रूत लेखा जोखाका प्रतिवेदन | राहत, पुर्वस्थापना तथा | तत्काल |

| | | | |
|---|---|---|---|
| | अध्ययन गर्ने र सो अनरुप आगामी नयाँ कार्यक्रम सहित निर्णय लिने | पुननिर्माण विषयगत क्षेत्र | |
| | थप प्रभावितहरुलाई पुर्नस्थापना केन्द्रहरुमा पठाउने कार्यलाई निरन्तरता दिने | वडा कार्यालय | निरन्तर |
| | पुर्नस्थापना केन्द्रहरुको बाहिरी सुरक्षाका लागि आवश्यकता अनुसार घेराबार लगाउने | गाउँपालिका, पूर्वाधार शाखा | तत्काल |
| | अपांगता भएका, एकल महिला र पुरुषको पुर्नस्थापनाका लागि विशेष व्यवस्था मिलाउने | ठाँडीकाँध गाउँपालिका महिला तथा बालबालिका शाखा,राहत, पुर्वस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र | नियमित |
| | विपदको त्रासदीपुर्ण अवस्थाबाट आघात भएका मानिसहरुलाई पुर्नस्थापना केन्द्रमै मनोसामाजिक परामर्श प्रदान गर्ने व्यवस्थाका लागि संरक्षण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | महिला तथा बालबालिका शाखा,राहत, पुर्वस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र | नियमित |
| ७ दिन देखि महिना दिन | पुर्नस्थापना र राहत वितरण कार्यलाई आवश्यकता अनुसार निरन्तरता दिने । | राहत, पुर्वस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र | स्थिति सहज नहुदासम्म नियमित |
| | भत्किएका घरहरुको वडागत रुपमा लगत संकलन गर्ने | ६ वटै वडा कार्यालयहरु, स्थानीय राजनीतिक दलका वडा प्रतिनिधि | घटनाको ७ दिनदेखि १५ दिन भित्र |
| | सामान्य क्षति भएका संरचनाहरुको मर्मतसम्हार गरी पुर्नस्थापित परिवारहरुलाई घर फिर्ता गर्ने । | ठाँडीकाँध गाउँपालिका , कृषि तथा खाद्य विषयगत क्षेत्र | घटना घटेको १५ दिन देखि महिना दिनसम्म |
| | नष्ट भएका संरचनाहरुको पुननिर्माण खाका तयार गरी थप आर्थिक सहयोगको लागि प्रदेश सरकार र केन्द्र सरकारसँग सहयोग माग गर्ने । | ठाँडीकाँध गाउँपालिका, विषय क्षेत्रगत निकाय, स्थानीय राजनीतिक दलहरु | १ महिना पछि |
| | भौतिक संरचना पुननिर्माणमा आवश्यक प्राविधिक सहयोग तथा नियमन गर्ने । | ठाँडीकाँध गाउँपालिका , पूर्वाधार विकास शाखा | नियमित |

**प्रतिकार्यका लागि पूर्वतयारी योजना**

राहत पुर्नस्थापना तथा पुर्ननिर्माणविषय क्षेत्रले आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउने कार्यका लागि देहायअनुसार पूर्वतयारी गर्नेछः

| **राहत पुर्नस्थापना तथा पुर्ननिर्माण विषयगत क्षेत्र, प्रतिकार्यका लागि पूर्वतयारी योजना** | | | |
|---|---|---|---|
| **सि नं** | **पूर्वतयारी क्रियाकलाप** | **जिम्मेवार निकाय** | **समयावधि** |
| १ | राहत पुर्नस्थापना तथा पुर्ननिर्माण विषयगत क्षेत्रको नियमित बैठक बसी राहत व्यवस्थापनका क्षेत्रहरुको पहिचान गर्ने । | राहत पुर्नस्थापना तथा पुर्ननिर्माण विषयगत क्षेत्र | |
| २ | विपद् पछि हुनसक्ने संकट समाधानको लागि आवश्यक राहत सामग्री जस्तै खाद्यान्न, लत्ता कपडा, आवासको लागि आवश्यक पर्ने सामग्री खरिद गरी भण्डारण गर्ने कम्तिमा १०० घरधुरीका लागि | ठाँडीकाँध गाउँपालिका का ६ वटै वडा कार्यालय | |
| ३ | राहत वितरण लाई प्रभावकारी बनाउनको लागि राहत वितरण मापदण्ड तयार गरी कार्यान्वयन गर्ने | गाउँपालिका, राहत पुर्नस्थापना तथा पुर्ननिर्माण विषयगत क्षेत्र | |
| ४ | विपद् व्यवस्थापन कोषमा रकम मौजुदा राख्न सरोकारवालाहरु सँग समन्वय गर्ने । | गाउँपालिका, प्रदेश सरकार | |

| | | | |
|---|---|---|---|
| ५ | ठाँडीकाँध गाउँपालिकाका प्रत्येक वडाहरुमा १ सार्वजनिक भवन तथा खुल्लास्थानको ब्यवस्थापन र सुचिकरण गर्ने । | ६ वटै वटै वडाकार्यालयहरु,गाउँपालिका | |
| ६ | ठाँडीकाँध गाउँपालिका भित्रमा गर्ने ४० जना निर्माण ब्यवसायी तथा डकर्मीहरुलाई भवन निर्माण मापडण्ड अनुरुप निर्माण गर्न भवन निर्माण तालिमको स्ञ्चालन गर्ने । | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी दैलेख | |
| ७ | आपतकालीन पुनर्निर्माण योजना तयार गरी कार्यान्वयन गर्न गाउँपालिका लाई सहयोग गर्ने । | गाउँपालिका, राजनीतिक दलहरु | |

## परिच्छेद ७ : आवश्यकताको लेखाजोखा

### निकायगत स्रोत साधनको आँकलन

| निकायको नाम | स्रोत साधन | परिमाण | भण्डारण स्थल | उपलब्ध हुन लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| गाउँपालिका | बिपद् पूर्वतयारी तथा प्रतिकार्यका सबै कार्यको लागि मानविय स्रोत | ६० जना | हरेक वडामा कम्तिमा १० जना | तत्कालै | |
| | भौतिक स्रोत (खोज उद्धार समाग्रि, सुचना संयन्त्र तथा अन्य आवश्यक) | | आपतकालिन कार्य संचालन केन्द्र, वडा तथा पालिका कार्यालय | | |
| | आथिक स्रोत नगदकोष | १५००००० | गाँउपालिका | तत्कालै | आपतकालिन कोष |
| प्रहरी चौकी | जनशक्ति खोज, उद्धार सुरक्षा | १५ जना | गाँउपालिका कार्यालय नजिकै | तत्कालै | |
| गाँउपालिका कृषि विकास शाखा | बिउबिजन तथा बिषादी | | | | पालिकमा केहिमात्र रहेको |
| गाँउपालिका शिक्षा शाखा | शैक्षिक सूचना संकलन जनशक्ति | | | | |
| महिला तथा बालबालिका शाखा | सूचना संकलन जनशक्ति र मनोसामाजिक परामर्श | ० | | | मनोसमाजिक परामर्शदाता नरहेको |
| गाउँपालिका पूर्वाधार शाखा | सूचना संकलन र लेखाजोखा जनशक्ति | ४२ जना | CADRE तालिम प्राप्त पालिकाका हरेका वडामा रहेको | तत्कालै | भकारी परियोजनाले तालिम दिएको |
| नेपाल रेडक्रस सोसाइटी उपशाखा | गैर खाद्य सामग्री एम्बुलेन्स प्राथमिक उपचारबक्स खोज तथा उद्धार सामग्री | केही | | | अपुग रहेको |
| नेपाल रेडक्रस सोसाइटी दैलेख | खोज तथा उद्धार सामग्री | केही मात्र | | | |
| सामुदायिक वन उपभोक्त महासंघ | काठ उपलब्ध गराउन सकिने | | | | सुचना उपलब्ध नभएको |
| स्वास्थ्य शाखा गापा | दक्ष जनशक्ति र सामान्य औषधी | आवश्यक मात्रामा रहेको | नेपाल सरकारको मापदण्ड बमोजिमको औषधि | तत्कालै | |
| उद्योग बाणिज्य संघ | खाद्य तथा गैर खाद्य सामग्री | स्थानिय व्यापारिहरु संगको मौज्दात | | तत्कालै | १५ दिनको माग धान्न सक्ने |
| राजनैतिक दल | स्वयंसेवक | केही | हरेका वडामा | तत्कालै | विपद् तालिम आवश्यक |

## अनुमानित लागत

| क.स. | बजेटको शीर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | चालु आर्थिक वर्षमा विनियोजित रकम | | वातावरण तथा विपद् व्यवस्थापन र जलउत्पन्न प्रकोप नियन्त्रण |
| २ | चालु आर्थिक वर्षमा खर्च भएको रकम | | गापाले राख्ने |
| ३ | हाल कोषमा मौज्दात रकम | १५००००० | विपद् व्यवस्थापन कोष |
| ४ | कोरोना कोष | नरहेको | |

## आर्थिकश्रोत र उपलब्ध हुने विधि र संयन्त्र

ठाटीकाँध गाउँपालिकाले विपद् व्यवस्थापन कोषका लागि नगर परिषदबाट रकम विनियोजन गर्ने गरेको छ । सो कोषलाई प्रयोग गर्ने र थप आर्थिक श्रोतका लागि प्रदेश सरकार, केन्द्र सरकार तथा विभिन्न संघसंस्थाहरुसँग अनुरोध गरिनेछ । यसका अतिरिक्त तपशिल बमोजिमका विषयगत क्षेत्रका अगुवा निकायसँग समन्वय गरिनेछ ।

| क. सं | विषयगत क्षेत्र | गाउँपालिकामा नेत्रित्व गर्ने अगुवा निकायको नाम | अगुवा निकायको प्रमुख | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | खोज, उद्धार र सुचना तथा समन्वय विषयगत क्षेत्र | गाउँपालिका अध्ययक्ष, उपाध्ययक्ष | रक्ष वहादुर शाह | |
| २ | शिक्षा विषयगत क्षेत्र | गाउँपालिका शिक्षा शाखा | नेत्र बहादुर थापा | |
| ३ | आपतकालीन आश्रयस्थल तथा गैरखाद्य क्षेत्र | गाउँपालिका भौतिका पुर्वाधार तथा समाजिक विकास शाखा | लव बहादुर सिजापती | |
| ४ | कृषि तथा खाद्य विषयगत क्षेत्र | गाउँपालिका कृषि विकास शाखा | बिनोद विष्ट | |
| ५ | स्वास्थ्य, खानेपानी, सरसफाई तथा पोषण क्षेत्र | स्वास्थ्य शाखा गापा | रबिन्द्र भण्डारी | |
| ६ | संरक्षण विषयगत क्षेत्र | महिला तथा बालबालिका शाखा | शारदा रावत | |
| ७ | राहत, पुर्नस्थापना तथा पुननिर्माण क्षेत्र | गाउँपालिका पूर्वाधार शाखा | धनरुप रोकाया | |

### अन्य निकायहरुसँगको समन्वय र सहकार्य


विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि एक विशिष्टीकृत निकायको रूपमा "राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण" को व्यवस्था गर्नुका साथै संघ, प्रदेश र स्थानीय तहको कार्य एवं जिम्मेवारीलाई स्पष्ट गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले देहाय बमोजिमका संरचनाको व्यवस्था गरेकोछ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
- प्रदेश विपद् व्यवस्थापन परिषद्
- प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति
- जिल्ला विपद् व्यवस्थापन समिति
- स्थानीय विपद् व्यवस्थापन समिति

यसका साथै उक्त ऐनले राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको समेत व्यवस्था गरेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) बमोजिम विपद् व्यवस्थापनको संस्थागत संरचना तल चित्रमा प्रस्तुत गरिएको छ । यसका आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको संस्थागत समन्वय र सहकार्य ढाँचा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संसोधन, २०७५) बमोजिम नेपालमा**

**विपद् व्यवस्थापनको संस्थागत संरचना**



## परिच्छेद ८ : गाउँपालिकामा रहेका निकायहरुको भुमिका तथा जिम्मेवारी

| क्र.सं | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | ठाटीकाँध गाउँपालिका | अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत | समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय समन्वयमा परिचालन गर्ने<br>आवश्यकता अनुसार प्रदेश तथा केन्द्रीय स्तरमा सहयोग मानवीय, आर्थिक, भौतिकको लागि समन्वय । स्थानीय विपद् व्यवस्थापन समिति को नेतृत्व गरि निम्न बमोजिमको भूमिका निर्वाह गर्ने<br>• नजिकको सुरक्षा निकायहरुसंग समन्वय गरी खोज तथा उद्धार कार्यमा संलग्न हुने ।<br>• सुरक्षा निकायलाई आवश्यक पर्ने खोज तथा उद्धार सामग्रीको व्यवस्थापनमा सहयोग गर्ने ।<br>• स्रोत (आर्थिक, भौतिक, मानवीय श्रोत) परिचालन तथा समन्वय गर्ने । |
| २ | सुरक्षा निकाय | प्रमुख तथा प्रतिनिधि | मुख्यतः खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धार कार्य गर्ने<br>• सुरक्षा व्यवस्था गर्ने ।<br>• विषयगत समितिमा रही सहयोग गर्ने ।<br>• संरक्षण क्षेत्रलाई आवश्यक सहयोग प्रदान गर्ने । |
| ३ | नेपाल रेडक्रस सोसाइटी | सभापति | प्रवन्धकारी भूमिका निर्वाह गर्ने<br>• खाद्य/गैरखाद्य सामग्री तथा अस्थायी आवासको व्यवस्थापन<br>• सूचना सङ्कलन तथा सर्वेक्षणमा स्वयंसेवक परिचालन गर्ने<br>• विपदको समयमा आपत्कालीन आवास तथा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने । |
| ४ | स्थानीय राजनीतिक दलहरु | प्रमुख , प्रतिनिधि | समन्वय<br>• स्रोत संकलनमा सहयोग ।<br>• जनपरिचालन गर्ने ।<br>• राहत वितरण प्रणालीलाई ब्यवस्थित बनाउन सहयोग गर्ने । |
| ५ | उद्योग बाणिज्य संघ | अध्यक्ष, प्रतिनिधि | सुख्खा तथा तयारी खाना जस्तैः चिउरा, भुजा, बिस्कुट आदि, खाद्य सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने । |
| ६ | सञ्चार मिडीया | नेपाल पत्रकार महासंघ, स्थानीय एफ.एम | • तथ्यपरक सूचना संकलन तथा सम्प्रेषण<br>• पृष्ठपोषण संकलन गरि सम्बन्धित क्षेत्रलाइ सुझाव प्रदान गर्ने<br>• महिला, बालबालिका अपागंता भएका ब्यक्तिहरुको आवश्यकता लाई प्राथमिकता दिने । |

| | | | |
|---|---|---|---|
| | | | • माहामारी रोकथाम तथा पुर्व तयारीका सन्देशहरु सर्वसाधारण सम्म पुर्याउन सुचना सम्प्रेषण गर्ने |
| ७ | पेशागत व्यवसायी निर्माण व्यवसायी, कृषक तथा अन्य | अध्यक्ष | राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग, पुर्नस्थापनाको चरणमा प्रभावित परिवारलाई आवश्यक सहयोग प्रदान गर्ने । |
| ८ | गै.स.स. महासंघ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स. | प्रतिनिधि | मानवस्रोत परिचालन गर्ने<br>• स्रोत संकलनमा सहयोग गर्ने ।<br>• गै.स.स.हरु बीच समन्वय ।<br>• क्षमता विकास तथा सहजीकरण कार्य गर्ने ।<br>• क्षेत्रगत निकायबीच समन्वय गदै जिम्मेवारी बाँडफाँड तथा प्रभावकारीता समिक्षा गर्ने । |
| ९ | विषयगत शाखाहरु | क्षेत्रगत अगुवा निकाय | • विषयगत समितिमा रही क्षेत्रगत अगुवाको भूमिका निर्वाह गर्ने<br>• सम्बन्धित शाखाको आपत्कालीन कार्ययोजना निर्माण गर्ने । |
| १० | ठाटीकाँध गाउँपालिकामा कार्यरत गैसस | प्रतिनिधि | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न सहयोग गर्ने ।<br>• प्रभावकारी प्रतिकार्य पूर्वतयारीका लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका बारेमा समन्वय गर्ने ।<br>• विपद् पूर्वतयारी तथा प्रतिकार्यका सिलसिलामा विषयगत क्षेत्रमा रहेर सहयोग गर्ने ।<br>• विपद्को समयमा प्रतिकार्यमा सहयोग गर्ने । |

# परिच्छेद ९: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

लैङ्गिक समानता भनेको लिङ्गको आधारमा कसैलाईपनि भेदभाव नगरी महिला र पुरुषलाई एउटा समान व्यवहार गर्नु हो । समान ज्याला, समान अधिकार, समान रुपमा नेतृत्वमा प्रतिनिधित्वको व्यवस्था गरि महिला र पुरुषका फरक फरक आवश्यकता तथा क्षमतालाई पहिचान गरि सम्वोधन गर्ने तथा अवसर उपलब्ध गराउनु पर्ने हुन्छ । विपदको समयमा, महिला, बालबालिका  अपांगता भएका नागरिक, गर्भवती तथा दुध खुवाउने महिलामा फरक प्रकारको प्रभाव पर्दछ र उनीहरु बढी जोखमिमा पर्दछन् । त्यसैगरी सामाजिक रुपले बञ्चित अल्पसंख्यक, दलित, जनजाति, गरिब लोपोन्मुख, पटक पटक विपद्को मार खेप्न बाध्य समुदायका मानिसहरु पुन विपद्को जोखिममा रहन्छन । यस्तो अवस्थाका मानिसहरुलाई पहिलो प्राथमिकतामा राखेर जोखिम न्युनिकरणका गतिविधिहरु सञ्चालन गरियो भने मात्र सही अर्थमा विपद् जोखिम न्युनिकरणको अवधारणाले मुर्त रुप लिन सक्छ भन्ने अभिप्रायले विपद् जोखिम न्युनिकणमा लैंगिक तथा सामाजिक समावशीकरणको सवाललाई जोड दिएको छ ।

जोखिम न्युनिकरणको अवधारणाले जुन समुदाय बढी संकटासन्न हुन्छ त्यहींबाट न्युनिकणको थालनी गर्नुपर्दछ भन्ने कुरालाई जोड दिने गर्दछ । विपद् जोखिम न्युनिकण र व्यवस्थापनका तीनवटै चरणहरुमा संकटासन्न समुदायको प्रत्यक्ष संलग्नता रहयो भने मात्र जोखिम न्युनिकरणलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न सकिन्छ । सामानिक रुपले बञ्चित अल्पसंख्यक, दलित, जनजाति, गरिब लोपोन्मुख, पटक पटक विपद्को मार खेप्न बाध्य समुदायका मानिसहरुको क्षमता विकास गरी पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभको चरणहरुमा उनीहरुलाई क्रियाशील गराएर लैजानका लागि पछिल्लो समयमा यो अवधारण विपद् जोखिम न्युनिकरणको क्षेत्रमा ओभजपूर्ण रुपमा स्थापित भएको छ । यस गाउपालिका अन्तरगत विपद् व्यवस्थापनको अभ्यासहरु गर्दा समावेशिता तथा लैङ्गिक समानताको आधारमा कार्यहरु गर्ने सुनिश्चितता गरिएको छ ।

# परिच्छेद १० : अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना

**लक्ष्य र सूचकहरू**

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका कार्यहरूको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न लक्ष्य र सूचकहरू परिभाषित गरी अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना तयार गर्नुपर्दछ । प्रकोप आउनु पूर्व र विपद् पश्चात् (जस्तैः मनसुन पूर्व र मनसुन पश्चात) गोष्ठीहरूको आयोजना गरी विपद् पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यको प्रभावकारिता मूल्याङ्कन गर्न सकिनेछ । हालका वर्षको लागि यस स्थानिय तहका विभिन्न सुचकहरुको आधाररेखा तथा अनुमानित लक्ष्य तलको तालिकामा दिइएको छ ।

| सि. नं. | सूचक | आधार रेखा | लक्ष्य |
|---|---|---|---|
| १ | **ठाटीकाँध गा.पा स्तरमा विपद्बाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने** | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | ५ | ० |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | .. | ० |
| २ | **ठाटीकाँध गा.पा स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने** | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | ५० | ५ |
| २.२ | विपद्बाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | १० | ५ |
| २.३ | सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | १० | ५ |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | ४० | १० |
| ३. | **गा.पा स्तरमा कूल गाहर्स्थ्य उत्पादनमा विपद्को कारण हनु वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति** | .. | .. |
| ४. | **संघ, प्रदेश र स्थानीय तहहरू र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास गर्ने ( प्रतिशत)** | .. | .. |
| ५. | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि गर्ने** | | |
| ५.१ | कूल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र संचालन भएको क्षेत्रफलको प्रतिशत | ० | ४० |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | १० | ५० |
| ५.३ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | .. | ८० |

**अनुगमन, मूल्यांकन तथा सिकाई**

समयसमयमा गाउँपालिकामा आइपरेका विपद् तथा प्रकोपका प्रभावहरुमा प्रतिकार्य सञ्चालन गर्ने क्रममा आवद्ध विषयगत संघसंस्था वा समितिका सदस्यहरुले हासिल गरेको सिकाई, पृष्ठपोषणलाई निम्न ढाँचामा राख्न सकिन्छ । प्रत्येक वर्षको पूर्वतयारी तथा प्रतिकार्य योजना माथि छलफलका चरणमा अघिल्लो वर्ष वा हाल सालैको अनुभवबाट सिकेका विषयहरुलाई यस खण्डमा उल्लेख गर्न सकिन्छ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको समग्र प्रभावकारिता र कमजोरी पहिचान गरी मूल्यांकन गर्न एक अनुगमन तथा मूल्यांकन समिति समेत गठन गर्न सकिनेछ । यस समितिले स्थानीय विपद् व्यवस्थापन समितिसँग प्रत्यक्ष समन्वय गरी उक्तसमितिलाई प्रतिवेदन दिनेछ । आवश्यकता अनुसार गाउँपालिका र वडामा गठित समितिमा समावेश गरिनेछ ।

अनुगमन र मूल्यांकन समितिका सदश्यहरुले विपद्को अवधि र विपद् पश्चातको स्थालगत अवलोकन भ्रमण गर्नेछन् । आपत्कालीन प्रतिकार्य र विपद् प्रभावितहरुलाई राहत वितरण सार्थ प्रभावकारी तयारी तथा प्रतिकार्यका लागि

कमजोरीहरु पहिचान गर्नेछन् । अनुगमन, मूल्यांकन तथा सिकाईको नमुना फारम  अनुसूचि १४मा रहेको छ । यस चरणमा प्रकोप प्रभाव देखिनु अघि नै लक्षित क्षेत्रहरुमा सम्भावित सरोकारवालाहरु जम्मा भई कृत्रिम घटना अभ्यास गरी राय  सल्लाह र अनुभव आदान प्रदान गर्दै पूर्वतयारी लाई थप प्रभावकारी र मजबुत बनाउन सकिन्छ ।

**विपद् पूर्वतयारी योजना तथा प्रतिकार्य योजनाको पुनरावलोकन तथा अद्यावधिक :** ठाटीकाँध गाउँपालिकामा पहिलोपटक निर्माण भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई हरेक वर्ष मनसुन सुरु हुनु अगावै पुनरावलोकन गरिनेछ । यसरी पुनरावलोकन गर्दा विपद् पूर्वतयारीमा देखिएका गतिरोध र प्रतिकार्य गर्दा देखिएका चुनौतिहरुलाई पृष्ठपोषणका रुपमा गहण गर्दै अद्यावधिक गरिनेछ ।

## सन्दर्भ सामग्रीहरु

१.विपद् व्यवस्थापन तथा विपद्जोखिम न्यूनीकरण ऐन २०७४

२.बिपद् जोखिम न्यूनिकरण राष्ट्रिय निति २०७५,

३.विपद् जोखिम राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०

३.विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (पहिलो संसोधन २०७६)

४.जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७१दैलेख

५.ठाटीकाँध गाउँपालिका पार्श्वचित्र  २०७४

६. स्थानीय सरकार सञ्चालन ऐन २०७४

## अनुसूचिहरु

### अनुसूचि १ ठाटीकाँध गाउँपालिकाको निर्वाचित जन प्रतिनिधिहरुको विवरण

| क सं | पदाधिकारीको नाम तर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १. | रक्ष बहादुर शाह | गाँउपालिका अध्यक्ष | |
| २. | देविराम बडुवाल | गाँउपालिका उपाअध्यक्ष | |
| ३. | चक्र कामी | वडा अध्यक्ष, वाडा नं १ | |
| ४. | प्रेम बहादुर मगर | वडा अध्यक्ष, वाडा नं २ | |
| ५. | भरत बहादुर बम | वडा अध्यक्ष, वाडा नं ३ | |
| ६. | केहेर सिं कठायत | वडा अध्यक्ष, वाडा नं ४ | |
| ७. | लाल बहादुर शाही | वडा अध्यक्ष, वाडा नं ५ | |
| ८. | जोरा सिं रोकाया क्षेत्री | वडा अध्यक्ष, वाडा नं ६ | |

### अनुसूचि २ ठाटीकाँध गाउँपालिकाको शाखा प्रमुखहरुको विवरण

| क सं | निकाय तथा संस्था | सम्पर्क पदाधिकारी | पद | मोवाइल नं |
|---|---|---|---|---|
| १. | प्रशासन शाखा प्रमुख | मन बहादुर थापा | | |
| २. | योजना तथा सामाजिक विकास | नेम बहादुर खत्री | | |
| ३. | पुर्वाधार विकास | लब बहादुर सिजापती | | |
| ४. | स्वास्थ्य | रबिन्द्र भण्डारी | | |
| ५. | पशु सेवा | थिर बहादुर खडका | | |
| ६. | कृषि | बिनो विष्ट | | |
| ७. | विपद् व्यवस्थापन | सारदा सावत | | |
| ८. | पञ्जिकरण | कल्पना दर्शादी | | |
| ९. | लेदा तथा आर्थिक प्रशासन | लोकेन्द्र भण्डारी | | |
| १०. | जिन्सि | धनरुप रोकाया | | |

### अनुसूचि ३ ठाटीकाँध गाउँपालिकामा कार्यरत गैससहरुको विवरण

| क सं | निकाय तथा संस्था | कार्यक्षेत्र | प्राप्त हुने सहयोग | सम्पर्क |
|---|---|---|---|---|
| १ | समाजिक विकास सेवा केन्द्र | | | |
| २ | UNDP/CDRIL | | | |
| ३ | स्वास्थ्यका लागि सक्षम प्रणाली | | | |
| ४ | सेवक | | | |
| ५ | एभरेष्ट क्लब | | | |
| ६ | सेभ द .चिल्ड्रेन | | | |

### अनुसूची ४. विषयगत सदस्य संस्थाको कार्यशर्त (नमूना)

कुनै विषयगत क्षेत्रमा परेको समस्या समाधानमा सहयोग गर्न सम्बन्धित तहमा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकारप्राप्त व्यक्ति, संस्था वा निकायलाई विषयगत सदस्य संस्था भनिन्छ । विषयगत सदस्य संस्थाको काम कर्तव्य यस प्रकार हुनेछन्:

१. विषयगत सदस्य संस्था (सरकारी निकाय, राष्ट्रसंघीय निकाय, रडे क्रस अभियानका सदस्य, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस आदि) का वीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने ।

२. संघीय, प्रदेश, जिल्ला र स्थानीय तह, सरकारी निकाय, स्थानीय नागरीक समाज तथा अन्य सरोकारवाला निकाय वीच समन्वय गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने ।

३. आफ्नो विषयगत क्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने । यस अन्तर्गत विपद्को प्रकृति तथा योजना मान्यता, प्राथमिकताप्राप्त आपत्कालीन कार्य तयारी, आपत्कालीन कार्य संवोधन गर्न प्राथमिकताप्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान कमीकमजोरी पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन् ।

४. आपत्कालीन अवस्थाका लागि पर्याप्त आकश्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने ।

५. विषयगत क्षेत्रका सहभागीहरू सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउन विषयगत अगुवा संस्थालाई सहयोग गर्ने ।

६. विषयगत क्षेत्रका कार्यसमूहको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवदे न र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने ।

७. सूचना संकलन तथा प्रचारप्रसारमा योगदान गर्न स्रोत साधनको आवश्यकता पहिचान गर्ने ।

८. विषयगत क्षेत्रका प्राथमिकता प्राप्त कार्य संचालन गर्न दातृ समुदायलाई मानवीय सहायता कार्यमा लगानी गर्न प्रोत्साहन गर्ने । साथै, विषयगतक्षेत्रका सहभागीहरूलाई सामान्य माध्यमबाट उनीहरूको स्रोत साधन परिचालन गर्न प्रोत्साहीत गर्ने ।

९. मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम संचालन गर्न सहयोग गर्ने ।

१०. पूर्व निर्धारीत प्राथमिकता प्राप्त आवश्यकता पूर्तिका लागि विषयगत संस्थाहरूलाई अन्तिम सेवा प्रदायकका रुपमा जिम्मेवार बनाउने ।

११. कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषयगत क्षेत्रका मुख्य साझेदारलाई समावेश गराउने ।

**१३. अगुवा सहयोगी संस्थाको कार्यशर्त नमूना (विपद् व्यवस्थपनका लागि अगुवा सहयोगी संस्था तोक्न सकिने छ)**

अगुवा सहयोगी संस्थाको मुख्य भूमिका विपद् पूवर्त यारी तथा प्रतिकार्यसम्बन्धी क्रियाकलाप गर्न विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने सिलसिलामा सम्बन्धित तहमा कार्यरत सवै निकायका वीच छलफल गर्न साझा

मञ्च प्रदान गरी आवश्यक सहजकर्ताको कार्य गरी यस कार्यमा विपद् व्यवस्थापन समितिलाई सहयोग प्रदान गर्नु हो । मुख्य भूमिका यसप्रकार हुनेछ :

१. सवै निकायहरूको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा सहयोग गर्ने ।

२. विपद् व्यवस्थापन समितिसंग समन्वय गरी अन्तिम कार्यशाला गर्नु अघि वैठकहरू संचालन गर्ने ।

३. विपद्सम्बन्धी तथ्याङ्क संकलन, प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने र प्राविधिक तथा वित्तिय सहयोग प्रदान गर्ने ।

४. प्रभावकारी प्रतिकार्य पूवर्त यारीकोलागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका वारमो समन्वय गर्ने ।

५. विगतका अनुभवको आधारमा सफलता, चुनौति तथा कमीकमजोरी पहिचान गर्ने ।

६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा सवै विषयगत क्षेत्रका अगुवा तथा सदस्य संस्थाहरू लगायत अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने ।

७. कार्यशालाको नतिजा तयार गर्ने र सम्बन्धित तहमा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरूमाफ प्रवाह गर्ने । माथिल्लो तहमा प्रतिवेदन दिने साथै तल्लो तहसम्म जानकारी गराउँने आदि ।

**अनुसूची ५. अनुगमन, मूल्याङ्कन तथा सिकाइ नमूना फाराम**

| सि.न | प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्य कार्य | मुख्य जिम्मेवार निकाय | कार्यान्वियनको अवस्था | असल अभ्यास तथा कमी कमजोरी | सुझाव |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**अनुसूची ६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समय तालिका**

| योजना पुनरावलोकन गरिने अवधि | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य | अर्को योजना पुनरावलोकन वा अद्यावधिक गर्ने अनुमानित मिति |
|---|---|---|---|
| हरेक वर्ष | गाँउपलिका तथा अगुवा सहयोगी संस्था | वठैक गर्ने वजटे व्यवस्था, परामर्शदाता छनोट गर्ने आदि | बैषाख २०८० |